विधेयक संख्याः

# कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक

प्रदेश सभा सचिवालय

प्रदेश सभा भवन

कर्णाली प्रदेश, सुर्खेत

## उद्देश्य र कारण

नेपालको संविधानको धारा २८५ को उपधारा (३) मा प्रदेश मन्त्रिपरिषद्ले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानून बमोजिम विभिन्न सरकारी सेवाहरुको गठन र सञ्चालन गर्न सक्ने व्यवस्था रहे बमोजिम प्रदेशको निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक, उत्तरदायी, व्यावसायिक र निष्पक्ष बनाउन कर्णाली प्रदेश सभाले बनाएको कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० हाल कार्यान्वयनमा रहेको छ। उक्त ऐनमा रहेको पदपूर्ति प्रक्रिया, तहगत व्यवस्था, बढुवा प्रणाली, अनिवार्य अवकाश लगायतको व्यवस्थालाई थप व्यवस्थित गर्न र ऐनमा रहेका कतिपय अस्पष्ट व्यवस्थालाई स्पष्ट गर्न "कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक" प्रदेश सभामा पेश गरेको छु।

(यामलाल कडेल)
मुख्यमन्त्री
मुख्यमन्त्री तथामन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश।

मितिः २०८१।११।०२

## आर्थिक टिप्पणी

"कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक" प्रदेश निजामती सेवाको कर्मचारीको समग्र व्यवस्थापन गर्ने ऐनलाई संशोधन गर्ने विधेयक भएकोले यो विधेयक ऐन बनी कार्यान्वयन हुँदा कर्णाली प्रदेश सरकारलाई वार्षिक रुपमा सामान्य व्ययभार पर्न जाने देखिन्छ। कर्णाली प्रदेश सरकारले हाल प्रदेश सरकार अन्तर्गत कार्यरत निजामती कर्मचारीलाई सेवा, सुविधा बापत आवश्यक व्ययभार व्यहोर्दै आएको सन्दर्भमा यो विधेयक ऐन बनेपछि छुट्टै खर्च शिर्षक अन्तर्गत थप व्ययभार सिर्जना गर्ने अवस्था देखिंदैन।

(यामलाल कडेल)
मुख्यमन्त्री
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश।

मितिः २०८१।११।०२

<u>प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी</u>

कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न आवश्यक भएकोले तर्जुमा भएको "कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक" मा "तोकिएको वा "तोकिए बमोजिम" भन्ने विभिन्न दफाहरुमा उल्लेख भएका विषयहरुमा यस अघि बनेका कानूनमा समावेश भईसकेको हुँदा सो सम्बन्धी छुट्टै कानूनमा समावेश गर्ने गरी प्रस्ताव गरिएको छैन।

(यामलाल कडेल)
मुख्यमन्त्री
मुख्यमन्त्री तथामन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश।

मितिः २०८१।११।०२

# व्याख्यात्मक टिप्पणी

नेपालको संविधानको धारा २८५ को उपधारा (३) मा प्रदेश मन्त्रिपरिषद्ले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानून बमोजिम विभिन्न सरकारी सेवाहरुको गठन र सञ्चालन गर्न सक्ने व्यवस्था रहे बमोजिम प्रदेशको निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक, उत्तरदायी, व्यावसायिक र निष्पक्ष बनाउने उद्देश्यले तर्जुमा गरिएको कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० हाल कार्यान्वयनमा रहेको छ। उक्त ऐनमा रहेका पदपूर्ति प्रक्रिया, तहगत व्यवस्था, बढुवा प्रणाली, अनिवार्य अवकाश लगायतको व्यवस्थालाई थप व्यवस्थित गर्न र ऐनमा रहेका कतिपय अस्पष्ट व्यवस्थालाई स्पष्ट गर्न प्रस्तुत "कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक" तर्जुमा गरिएको हुँदा प्रचलित ऐनमा भएको व्यवस्था भन्दा उल्लेखनीय व्यवस्था नभएकोले थप व्याख्या गर्नु पर्ने आवश्यकता नदेखिएको हुँदा सोही व्यहोरा पेश गरेको छु।

(यामलाल कडेल)
मुख्यमन्त्री
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश, सुर्खेत

मितिः २०८१।११।०२

# कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना:** कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "कर्णाली प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २ मा संशोधन:** कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ग) मा रहेको "सचिवालय" भन्ने शब्द पछि "आयोग" भन्ने शब्द थपिएको छ।

३. **मूल ऐनको दफा ४ मा संशोधन:** मूल ऐनको दफा ४ को उपदफा (२) पछि देहायको उपदफा (२क), (२ख), (२ग) र (२घ) थपिएको छः-

"(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश प्रशासन सेवाको अधिकृतस्तर नवौं तह वा सोभन्दा माथिको तहमा समूह र उपसमूह रहने छैन।

(२ख) यो ऐन प्रारम्भ हुँदाका बखत प्रदेश प्रशासन सेवाको लेखा तथा राजस्व समूहका अधिकृत स्तर नवौं तहको पदमा कार्यरत कर्मचारी र यो ऐन प्रारम्भ हुनु अघि प्रदेश लोक सेवा आयोगमा पदपूर्ति प्रक्रियामा रही यो ऐन प्रारम्भ भएपछि प्रदेश प्रशासन सेवाको सोही समूह र तहको पदमा सिफारिस हुने कर्मचारी प्रदेश प्रशासन सेवाको नवौं तहको पदमा समाहित हुनेछ।

(२ग) उपदफा (२ख) बमोजिम समाहित हुने कर्मचारीलाई अख्तियारवालाले यो ऐन प्रारम्भ भएको मितिले एक महिनाभित्र समाहित भएको पत्र दिनु पर्नेछ।

(२घ) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश लेखा नियन्त्रकको पदमा प्रमुख सचिवले लेखा समूहको अधिकृतस्तर सातौं वा आठौं तहबाट अधिकृतस्तर नवौं तहमा नियुक्ति भएको वा कर्मचारी समायोजन ऐन बमोजिम अधिकृत स्तर नवौं वा दशौं तहमा समायोजन भएको लेखा समूहको कर्मचारीलाई खटाउन सक्नेछ।"

४. **मूल ऐनको दफा ५ मा संशोधन:** मूल ऐनको दफा ५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रदेश निजामती सेवामा देहाय बमोजिमका तहहरु रहनेछन्:-

| अधिकृतस्तर | सहायकस्तर |
|---|---|
| एघारौं | पाँचौं |
| दशौं | चौंथो |
| नवौं | तेस्रो |
| आठौं | तहविहीन |
| सातौं | |

छैटौं"

५. <u>मूल ऐनको दफा ८ मा संशोधनः</u> मूल ऐनको दफा ८ को,-

(१) उपदफा (१) र उपदफा (२) को सट्टा देहायको उपदफा (१) र उपदफा (२) राखिएका छन्,-

"(१) प्रदेश निजामती सेवाको रिक्त पदको पूर्ति देहाय बमोजिम गरिनेछः-

| तह | | खुला प्रतियोगित्मक परीक्षाद्वारा | अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा | बढुवा | | |
|---|---|---|---|---|---|---|
| | | | | ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा | कार्यक्षमताको मूल्याङ्कनद्वारा | आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा |
| (क) | तहविहीन | - | - | - | - | - |
| (ख) | सहायक तेस्रो (वनरक्षक) | १००% | - | - | - | - |
| (ग) | सहायक चौंथो | ७०% | - | १०% | - | २०% |
| (घ) | सहायक पाँचौं | ५०% | - | २५% | २५% | - |
| (ङ) | अधिकृत छैटौं | स्तर वृद्धि | | | | |
| (च) | अधिकृत सातौं | ५०% | १०% | १०% | २०% | १०% |
| (छ) | अधिकृत आठौं | स्तर वृद्धि | | | | |
| (ज) | अधिकृत नवौं | १०% | १०% | ३५% | ३५% | १०% |
| (झ) | अधिकृत दशौं | स्तर वृद्धि | | | | |
| (ञ) | अधिकृत एघारौं | - | - | २० % | ८० % | - |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश स्वास्थ्य सेवाको पदमा देहाय बमोजिम पदपूर्ति गरिनेछः-"

| तह | | खुला प्रतियोगितात्मक परीक्षाद्वारा | अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा | बढुवा | | |
|---|---|---|---|---|---|---|
| | | | | ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा | कार्यक्षमताको मूल्याङ्कनद्वारा | आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षाद्वारा |
| (क) | सहायक चौंथो | १००% | - | - | - | - |
| (ख) | सहायक पाँचौं | ६०% | १०% | २०% | - | १०% |
| (ग) | अधिकृत सातौं | ५०% | १०% | १५% | १५% | १०% |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (घ) | अधिकृत आठौं (चिकित्सक) | १००% | - | - | - | - |
| (ङ) | अधिकृत नवौं तह | २०% | १०% | ३०% | ३०% | १० % |
| (च) | अधिकृत एघारौं | - | - | २०% | ८०% | - |

(२) उपदफा (३) पछि देहायको उपदफा (३क), (३ख) र (३ग) थपिएको छः-

"(३क) प्रदेश वन सेवा जनरल फरेष्ट्री समूहको तहविहिन तहमा कार्यरत वनरक्षकलाई अख्तियारवालाले यो ऐन प्रारम्भ भएको मितिले एक महिनाभित्र सहायक तेस्रो तहमा तह मिलान गरिदिने छ।

(३ख) नेपाल सरकारले उपदफा (३क) बमोजिम तह मिलान हुने प्रदेश निजामती सेवाको सहायक तेस्रो तहका कर्मचारीको लागि तलबमान निर्धारण नगरेको अवस्थामा सङ्घीय निजामती सेवाका राजपत्रअनङ्कित तृतीय श्रेणीको कर्मचारीको लागि कायम भएको तलब एवं ग्रेडलाईनै प्रदेश निजामती सेवाको सहायक तेस्रो तहमा कार्यरत कर्मचारीको लागि कायम भएको तलब एवं ग्रेड मानिनेछ।

(३ग) उपदफा (३क) बमोजिम तह मिलान हुने सम्बन्धित कर्मचारीले खाईपाई आएको तलबभन्दा घटी हुने भएमा खाईपाई आएको तलबभन्दा घटी नहुने गरी ग्रेड मिलान गरिने छ।"

(३) उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांश र उपदफा (४) मा रहेका "उपदफा (१) को खण्ड (ज) र (झ)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) को खण्ड (ज)" भन्ने शब्दहरु र "उपदफा (२) को खण्ड (छ)" भन्ने शब्दहरुको सट्टा "उपदफा (२) को खण्ड (ङ)" भन्ने शब्दहरु राखिएका छन्।

(४) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

“(७) उपदफा (१) को खण्ड (ग) बमोजिमको आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको र प्रदेश निजामती सेवाको तहविहीन तहको पदमा पाँच वर्ष र सहायक तेस्रो तहको पदमा तीन वर्ष सेवा अवधि पूरा गरेको स्थायी कर्मचारी उम्मेदवार हुन सक्नेछ।”

(५) उपदफा (८) मा रहेको "उपदफा (१) को खण्ड (ङ) र (ज)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) को खण्ड (च) र (ज)" भन्ने शब्दहरु तथा "उपदफा (२) को खण्ड (ख), (घ) र (छ)" भन्ने शब्दहरुको सट्टा "उपदफा (२) को खण्ड (ख), (ग) र (ङ)" भन्ने शब्दहरु राखिएका छन्।

(६) उपदफा (८) को स्पष्टीकरणको खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छः-

“(ग) “एक तह मुनिको पदमा पाँच वर्ष सेवा अवधि” भन्नाले अधिकृतस्तर नवौं तहको लागि अधिकृतस्तर सातौं वा आठौं तहको कूल सेवा अवधि र अधिकृतस्तर सातौं तहको लागि सहायकस्तर पाँचौं वा अधिकृतस्तर छैठौं तहको कूल सेवा अवधि सम्झनु पर्छ।”

(७) उपदफा (९) को खण्ड (क) मा रहेका “प्रदेश प्रशासन सेवा र प्रदेश शिक्षा सेवाका” भन्ने शब्दहरुको सट्टा “प्रदेश आर्थिक योजना तथा तथ्याङ्क सेवा, प्रदेश प्रशासन सेवा र प्रदेश शिक्षा सेवाका” भन्ने शब्दहरु राखिएका छन्।

(८) उपदफा (९) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छः-

"(ग) प्रदेश स्वास्थ्य सेवामा स्तर वृद्धि भएको कर्मचारी उपदफा (२) बमोजिमको पदमा नियुक्ति, बढुवा वा नेपाल स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानून बमोजिम पदस्थापना भएको भए मात्र बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछ।"

(९) उपदफा (१०) मा रहेका “नेपाल विविध सेवाका कर्मचारी” भन्ने शब्दहरु पछि “र प्रदेश लोक सेवा आयोगको सिफारिसमा प्रदेश विविध सेवामा नियुक्त भएका कर्मचारी” भन्ने शब्दहरु थपिएका छन्।

(१०) उपदफा (१०) पछि देहायको उपदफा (१०क), (१०ख) र (१०ग) थपिएका छन्ः-

“(१०क) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशको मागको आधारमा सङ्घको सेवाको पदमा समायोजन भएको कर्मचारी समायोजन ऐनको दफा ९ बमोजिम प्रदेशमा कामकाज गर्न खटिएको र निरन्तर रुपमा पाँच वर्ष वा सो भन्दा बढी अवधिसम्म प्रदेशमा सेवा गरिरहेको भए यस ऐन बमोजिमको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछ।"

(१०ख) समायोजन ऐन बमोजिम प्रदेशको चौंथो तहमा समायोजन भएका प्रदेश स्वास्थ्य सेवा बाहेकका कर्मचारीलाई यो उपदफा प्रारम्भ हुँदाका बखत सहायकस्तर चौंथो तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको र पाँच वर्ष सेवा अवधि पुगेको भए एकपटकको लागि अख्तियारवालाले सहायकस्तर पाँचौं तह कायम गरिदिनेछ। त्यसरी कायम हुने तहको दरबन्दी स्वतः सिर्जना हुनेछ र साबिकको दरबन्दी स्वतः खारेज हुनेछ।

(१०ग) उपदफा (१०ख) बमोजिम तह कायम गर्दा सम्बन्धित कर्मचारीले खाइपाई आएको तलबभन्दा घटी हुने भएमा खाईपाई आएको तलबभन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।"

(११) उपदफा (१२) को सट्टा देहायको उपदफा (१२) राखिएको छः-

"(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि सहायकस्तर चौथो र पाँचौं तहको कम्प्युटर अपरेटर, कम्प्युटर टेक्निसियन, भिडियो ग्राफर, माइक सञ्चालक तथा रेकर्डिङ्ग अपरेटर र तहविहीन पदमा कार्यरत सवारी चालक, कार्यालय सहयोगी, चौकीदार, इलेक्ट्रिसियन, प्लम्बर, माली, सरसफाइ गर्ने कर्मचारी र यस्तै काम गर्ने अन्य तोकिए बमोजिमका पदमा स्थायी पदपूर्ति गरिने छैन र त्यस्ता पदबाट सम्पादन गरिने कार्य न्यूनतम पारिश्रमिक तोकी संस्था वा व्यक्तिसँग करार गरी सेवा करारबाट कार्य सम्पादन गराउन सकिनेछ।"

(१२) उपदफा (१३) मा रहेका “नेपाल विविध सेवाका कर्मचारी” भन्ने शब्दहरु पछि “र प्रदेश लोक सेवा आयोगको सिफारिसमा प्रदेश विविध सेवामा नियुक्त भएका कर्मचारी” भन्ने शब्दहरु थप गरी उक्त उपदफामा रहेको प्रतिवन्धात्मक वाक्यांश झिकिएको छ।

(१३) उपदफा (१४) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छः-

"(ङ) सङ्घीय नेपाल स्वास्थ्य सेवा सम्बन्धी कानून बमोजिम चौथो र पाँचौं तहमा शुरु नियुक्ति भई समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन हुँदा क्रमशः छैटौं र सातौं तहमा समायोजन भएका र सातौं तहमा समायोजन भई सो तहमा शुरु नियुक्ति, बढुवा तथा नेपाल स्वास्थ्य सेवा सम्बन्धी कानून बमोजिम पदस्थापना नहुँदै अधिकृतस्तर आठौं तहमा स्तरवृद्धि भएका कर्मचारीको पद रिक्त भएमा क्रमशः चौथो र पाँचौं तहको पद रिक्त मानी पदपूर्ति गर्ने।"

(१४) उपदफा (१५) को खण्ड (ख) र (ग) को प्रतिवन्धात्मक वाक्यांशमा रहेको "उपदफा (१) को खण्ड (ख)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) को "खण्ड (ग)" भन्ने शब्दहरु राखिएका छन्।

(१५) उपदफा (१५) को खण्ड (घ) को प्रतिवन्धात्मक वाक्यांशमा रहेको "उपदफा (१) को खण्ड (ट)" भन्ने शब्दहरुको सट्टा" उपदफा (१) को खण्ड (ञ)" भन्ने शब्दहरु र "उपदफा (२) को खण्ड (झ)" भन्ने शब्दहरुको सट्टा "उपदफा (२) को खण्ड (च)" भन्ने शब्दहरु राखिएका छन्।"

६. **मूल ऐनको दफा ९ मा संशोधनः** मूल ऐनको दफा ९ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) बमोजिम पदपूर्ति गर्ने प्रयोजनको लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका खस आर्य, दलित, आदिवासी जनजाति, मधेशी तथा मुस्लिम र थारु समुदायको विवरण प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।

तर प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी नतोकेसम्मको लागि सम्पूर्ण खस आर्य, दलित, आदिवासी जनजाति, मधेशी तथा मुस्लिम र थारुलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय मानिनेछ।"

७. **मूल ऐनको दफा २० मा संशोधनः** मूल ऐनको दफा २० को,-

(१) उपदफा (१) को खण्ड (ङ) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर तोकिएको योग्यता पुगेको प्रदेश स्वास्थ्य सेवामा कार्यरत कर्मचारी सो सेवाको समान तहको पदमा खुला, अन्तरतह प्रतियोगितात्मक परीक्षा र आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षामा सम्भाव्य उम्मेदवार हुन सक्नेछ।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि "समान तहको पद" भन्नाले सहायक स्तर पाँचौं र अधिकृत स्तर छैटौं तहको पदमा कार्यरत कर्मचारीको हकमा सहायक स्तर पाँचौं तह, अधिकृत स्तर सातौं र आठौं तहको पदमा कार्यरत कर्मचारीको हकमा अधिकृत स्तर सातौं तह र अधिकृत स्तर नवौं र दशौं तहको पदमा कार्यरत कर्मचारीको हकमा अधिकृत स्तर नवौं तहको पद भन्ने सम्झनु पर्छ।"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश स्वास्थ्य सेवाको खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने सबै पद र प्रदेश स्वास्थ्य सेवा बाहेकका अन्य सेवाको अधिकृत स्तर नवौं तहको खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदको लागि यस दफा बमोजिम योग्यता पुगेको व्यक्ति पैंतालिस वर्ष उमेर पूरा नभएसम्म उम्मेदवार हुन सक्नेछ।"

८. **मूल ऐनको दफा २१ मा संशोधनः** मूल ऐनको दफा २१ को उपदफा (४) र (६) मा रहेका "प्रदेश लोक सेवा आयोगको सहमतिमा" भन्ने शब्दहरु झिकिएका छन्।

९. **मूल ऐनको दफा २३ मा संशोधनः** मूल ऐनको दफा २३ को सट्टा देहायको दफा २३ राखिएको छः-

"२३. **कायम मुकायम र निमित्तः** (१) विभागीय प्रमुख वा कार्यालय प्रमुखको पद रिक्त भएमा वा त्यस्तो पदमा बहालवाला कर्मचारी पन्ध्र दिनभन्दा बढी समयसम्म बिदामा बसेमा, बिदा स्वीकृत नगराई साठी दिनभन्दा बढी अवधि कार्यालयमा अनुपस्थित भएमा वा प्रचलित कानून बमोजिम निलम्बनमा रहेमा सो पदमा तत्काल काम चलाउनको लागि समान तहको वा बढुवाको लागि सम्भाव्य उम्मेदवार भइसकेको एक तह मुनिको पदको सबै भन्दा वरिष्ठ निजामती कर्मचारीलाई बढीमा छ महिनाको लागि कायम मुकायम मुकरर गर्न सकिनेछ।

(२) देहायका पदमा देहयका अधिकारीले कायम मुकायम मुकरर गर्न सक्नेछः-

(क) विभागीय प्रमुखको पदमा प्रदेश सरकार,

(ख) अधिकृतस्तर दशौं र नवौं तहको पदमा प्रमुख सचिव,

(ग) अधिकृतस्तर आठौं र सातौं तहको पदमा सम्बन्धित विभागीय प्रमुख।

(३) उपदफा (१) र (२) बमोजिम कुनै पदमा कायम मुकायम मुकरर गरिएकोमा त्यसको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम कुनै पदमा कायम मुकायम मुकरर गरिसकेपछि सोही वा अन्य कर्मचारीलाई पुनः सो पदमा कायम मुकायम मुकरर गर्न सकिने छैन।

(५) उपदफा (१) विपरीत कुनै निजामती कर्मचारीलाई कायम मुकायम मुकरर गरेमा निजले सो पदमा रहँदा खाइपाई आएको तलव, भत्ता र अन्य सुविधा बापतको रकम कायम मुकायम मुकरर गर्ने पदाधिकारीबाट असूल उपर गरिनेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालयको प्रमुख बिरामी भई वा अन्य कुनै कारणले कार्यालयमा अनुपस्थित भएमा उक्त कार्यालयमा कार्यरत निजामती कर्मचारीमध्ये निकटतम् वरिष्ठ कर्मचारीले निजको निमित्त जनाई दैनिक कार्य सञ्चालन गर्नु पर्नेछ।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "दैनिक कार्य सञ्चालन" भन्नाले आर्थिक दायित्व पर्ने कार्य, अर्ध न्यायिक प्रकृतिको कार्य र प्रचलित कानूनमा कार्यालय प्रमुखले आफैले गर्नु पर्ने भनी तोकिएका कार्य बाहेक त्यस्तो पदले दैनिक रुपमा सम्पादन गर्नु पर्ने सामान्य प्रशासनिक कार्य सम्झनु पर्छ।

(७) उपदफा (६) बमोजिम निमित्त भई काम गर्ने निजामती कर्मचारीले आफूभन्दा माथिल्लो निकायमा सूचना गर्नु पर्नेछ।

(८) उपदफा (६) बमोजिमको अवस्था सृजना भई तत्काल कार्यालय प्रमुख उपस्थित हुन नसक्ने अवस्था भएमा मन्त्रालयले यस दफा बमोजिमको निमित्त कार्यालय प्रमुखलाई आर्थिक अधिकार प्रयोग गर्न पाउने गरी निर्णय गर्न सक्नेछ।

(९) यस दफा बमोजिम कुनै पदमा कायम मुकायम भई काम गरेको वा आर्थिक अधिकार समेत प्रयोग गरी निमित्त कार्यालय प्रमुख भई काम गरेको अवधिको बही (हिसाब) बुझाउने दायित्व त्यस्तो काम गर्ने निजामती कर्मचारीको हुनेछ।"

१०. **मूल ऐनको दफा २४ मा संशोधनः** मूल ऐनको दफा २४ को उपदफा (१) को,-

(१) खण्ड (ङ) झिकिएको छ।

(२) खण्ड (छ) मा रहेको "दशौं तहसम्मका" भन्ने शब्दहरुको सट्टा "आठौं तहसम्मका" भन्ने शब्दहरु राखिएका छन्।

११. **मूल ऐनको दफा २७ मा संशोधनः** मूल ऐनको दफा २७ कोउपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) दफा ८ को उपदफा (१) को खण्ड (क) को तहविहीन तह बाहेक सोही उपदफा बमोजिम स्तर वृद्धि हुने तहमा स्तर वृद्धि हुने तहभन्दा एक तह मुनिको पदमा पाँच वर्ष सेवा अवधि पूरा भएको, पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत पञ्चानब्बे प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गरेको

र स्तर वृद्धि हुने तहभन्दा एक तह मुनिको पदमा सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भएको कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र स्तर वृद्धि गरिनेछ।"

१२. <u>मूल ऐनमा दफा २७क. थप:</u> मूल ऐनको दफा २७ पछि देहायको दफा २७क. थपिएको छः-

"२७क.<u>प्रदेश स्वास्थ्य सेवामा स्तर वृद्धि सम्बन्धी व्यवस्था:</u> (१) प्रदेश स्वास्थ्य सेवाका देहायका तहमा कार्यरत कर्मचारीले पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषतमा पन्चानब्बे प्रतिशत अङ्क प्राप्त गरेको र कम्तीमा एक वर्ष "क" वर्ग वा दुई वर्ष "ख" वर्गको भौगोलिक क्षेत्रमा रही काम गरेको भए निजलाई देहाय बमोजिम स्तरवृद्धि गरिनेछः-

| क्र.स. | हालको तह | स्तरवृद्धि हुने तह | सम्बन्धित तहमा सेवा गर्नु पर्ने अवधि |
|---|---|---|---|
| १ | सहायकस्तर चौथो | सहायकस्तर पाँचौ | पाँच वर्ष |
| २ | सहायकस्तर पाँचौ<br>(क) सहायकस्तर पाँचौ तहमा शुरु नियुक्ति भएका वा सहायकस्तर पाँचौ तहमा स्तरवृद्धि भई सो तहको लागि न्यूनतम शैक्षिक योग्यता पूरा भएका<br><br>(ख)सहायकस्तर पाँचौ तहमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा वा यस ऐन बमोजिम आन्तरिक अन्तरसमूह प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा भएका वा स्तरवृद्धि भएकामध्ये सो तहको लागि न्यूनतम शैक्षिक योग्यता नभएका | अधिकृतस्तर छैठौं<br><br>अधिकृतस्तर छैठौं | पाँच वर्ष<br><br>आठ वर्ष |
| ३ | छैटौं<br>(क) छैठौं तहमा स्तरवृद्धि भएकामध्ये बरिष्ठ पाँचौ तहमा तह मिलान भएका<br><br>(ख) छैठौ तहमा स्तरवृद्धि भएकामध्ये सहायकस्तर पाँचौ तहमा शुरु नियुक्ति भएका | अधिकृतस्तर सातौं<br><br>अधिकृतस्तर सातौं | पाँच वर्ष<br><br>पाँच वर्ष |
| ४ | अधिकृतस्तर सातौं<br>साविक नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम छैठौं तहमा शुरु नियुक्ति भई सातौं तहको पदमा स्तरवृद्धि भएका र सातौं तहमा शुरु नियुक्ति भएका अधिकृत कर्मचारीहरु | अधिकृतस्तर आठौं | पाँच वर्ष |

| | | | |
|---|---|---|---|
| ५ | अधिकृतस्तर नवौं | अधिकृतस्तर दशौं | पाँच वर्ष |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुभन्दा तत्काल अघिको तहमा कार्यरत रहँदा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची -११ मा तोकिएको भौगोलिक क्षेत्रमध्ये कम्तिमा एक वर्ष "अति दुर्गम" वा दुई वर्ष "दुर्गम" वर्गमा काम गरेको भए यो ऐन प्रारम्भ भए पछि पहिलो पटक हुने स्तर वृद्धिको लागि सो सेवा अवधि समेत दुर्गम क्षेत्रमा सेवा गरेको अवधिमा गणना गरिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनको अङ्क गणना गर्दा यो ऐन प्रारम्भ हुनुभन्दा अघिका वर्षहरुको कार्यसम्पादन मूल्याङ्कन बापत प्राप्त गरेको अङ्क समेत गणना गर्नु पर्ने भएमा ती वर्षहरुको कार्यसम्पादन मूल्याङ्कनको हकमा औषत उत्तम वा सोभन्दा बढी अङ्क प्राप्त गरेको भए यस दफा बमोजिमको योग्यता पुगेको कर्मचारी स्तर वृद्धि हुन बाधा पर्ने छैन।

(४) कुनै कर्मचारीले उपदफा (१) मा उल्लिखित भौगोलिक क्षेत्रमा सोही उपदफामा तोकिएको अवधिसम्म काम नगरेको भए त्यस्तो अवधिसम्म त्यस्तो क्षेत्रमा सरुवा भई वा काजमा खटी रुजु हाजिर भएर काम गरिसकेपछि स्तरवृद्धि हुन सक्नेछ।

तर, पद वा दरबन्दी नभएका कारण कुनै कर्मचारीलाई त्यस्तो क्षेत्रमा खटाउन नसकिने भएमा यस दफाको अधीनमा रही त्यस्ता कर्मचारीलाई माथिल्लो तहमा स्तरवृद्धि गर्न बाधा पर्ने छैन।

(५) माथिल्लो तहमा स्तरवृद्धि भएको कर्मचारीले जुन तहबाट स्तरवृद्धि भएको हो सोही तहले गर्नु पर्ने कार्य र तोकिएका अन्य कार्य गर्नु पर्नेछ।

(६) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेशमा समायोजन भई यो ऐन प्रारम्भ हुनुभन्दा अघिसम्म प्रदेश स्वास्थ्य सेवाको अधिकृत स्तर सातौं तहमा कार्यरत रहेका कर्मचारीमध्ये सो तहको सम्बन्धित सेवा, समूह र उपसमूहको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता पुगेको र पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा यस दफा बमोजिमको अङ्क प्राप्त गरेको कर्मचारी एक पटकको लागि अधिकृत स्तर आठौं तहमा स्तर वृद्धि हुन बाधा पर्ने छैन।

तर यस उपदफा बमोजिम स्तर वृद्धि भएको कर्मचारी अधिकृत स्तर सातौं वा आठौं तहमा सुरु नियुक्ति, बढुवा वा नेपाल स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानून बमोजिम पदस्थापना भई यस ऐनमा तोकिएको योग्यता पुगेको भए अधिकृत स्तर नवौं तहमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छ।"

१३. <u>मूल ऐनको दफा २८ मा संशोधनः</u> मूल ऐनको दफा २८ को,-

(१) उपदफा (३) मा रहेका "उपदफा (१) र (२) बमोजिमको" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) र (४) बमोजिमको" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (७) मा रहेको "साठी" भन्ने शब्दको सट्टा "चार महिना" भन्ने शब्दहरु राखिएको छ।

१४. <u>मूल ऐनको दफा २९ मा संशोधनः</u> मूल ऐनको दफा २९ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यस ऐनको दफा ८ को उपदफा (१) र (२) बमोजिम जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा हुने पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन प्रथम पटक

बढुवाको सूचना प्रकाशन हुँदा दरखास्त दिन तोकिएको अन्तिम मितिसम्म सम्बन्धित सेवा, समूह वा उपसमूहको तल्लो पदमा सेवाकालीन तालिम लिएको, प्रचलित कानून बमोजिम सम्बन्धित व्यवसायिक परिषद्मा दर्ता भएको प्रमाणपत्र आवश्यक पर्ने भएमा सो व्यवसायिक दर्ता प्रमाणपत्र लिएको वा त्यस्तो प्रमाणपत्र नविकरण गर्नुपर्ने भए नविकरण भएको, जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा अवधि आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कनको औसतमा पन्चानब्बे प्रतिशत अङ्क प्राप्त गरेको र देहाय बमोजिमको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेको हुनु पर्नेछः-

| बढुवा हुने पद | बढुवा हुन लाग्ने सेवा अवधि | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|
| | | र श स्वास्थ्य सेवा बाहेकका अन्य प्रदेश सेवा | प्रदेश स्वास्थ्य सेवा |
| अधिकृतस्तर एघारौं | अधिकृतस्तर दशौं तहको पदमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको | सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| अधिकृतस्तर नवौं | अधिकृतस्तर आठौं तहको पदमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको | सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| अधिकृतस्तर सातौं | अधिकृतस्तर छैटौं तहको पदमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको | सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (स्कूल लिभिङ सर्टिफिकेट एक्जामिनेशन) वा सो सरह उत्तीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| सहायकस्तर पाँचौं | सहायकस्तर चौथो तहको पदमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा माध्यमिक शिक्षा परीक्षा (सेकेन्डरी एजुकेशन एक्जामिनेशन) वा सो सरह उत्तीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| सहायकस्तर चौथो | तहविहीन तहको पदमा कम्तीमा पाँच वर्ष र सहायक तेस्रो तहको पदमा कम्तीमा | सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा माध्यमिक शिक्षा परीक्षा (सेकेन्डरी एजुकेशन एक्जामिनेशन) वा सो सरह उत्तीर्ण | - |

| | | | |
|---|---|---|---|
| | तीन वर्ष सेवा अवधि पूरा गरेको | | |

<u>स्पष्टीकरण:</u> यस उपदफाको प्रयोजनको लागि,-

(क) "तल्लो पदमा सेवाकालीन तालिम लिएका" भन्नाले सातौं तहको पदका लागि पाँचौं वा छैटौं तहमा र नवौं तहको पदका लागि सातौं वा आठौं तहमा तीस कार्य दिनको सेवासँग सम्बन्धित तालिम लिएको सम्झनु पर्छ।

(ख) "व्यवसायिक दर्ताप्रमाणपत्र" भन्नाले नेपाल मेडिकल काउन्सिल वा नेपाल इन्जिनियरिङ एशोसियसन वा नेपाल नर्सिङ काउन्सिल वा नेपाल स्वास्थ्य व्यवसायिक परिषद्मा दर्ता भएको प्रमाणपत्र वा त्यस्तै प्रकृतिका व्यवसायिक दर्ता प्रमाणपत्र सम्झनु पर्छ।

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) र (१ख) थपिएको छः-

“(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश स्वास्थ्य सेवाको जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनको अङ्क गणना गर्दायो ऐन प्रारम्भ हुनुभन्दा अघिका वर्षहरुको कार्यसम्पादन मूल्याङ्कन बापत प्राप्त गरेको अङ्क समेत गणना गर्नु पर्ने भएमा ती वर्षको कार्यसम्पादन मूल्याङ्कनको हकमा औषतमा उत्तम वा सोभन्दा बढी अङ्क प्राप्त गरेको भए यस दफा बमोजिमको योग्यता पुगेको कर्मचारी जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछ।

(१ख) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, आदिवासी जनजाति, मधेशी तथा मुस्लिम, थारु, दलित, अपाङ्गता भएका व्यक्ति र पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका कर्मचारीको उल्लिखित सेवा अवधिमा एक वर्ष कम सेवा अवधि भए पनि बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनेछ।”

१५. <u>मूल ऐनको दफा ३० मा संशोधन</u>ः मूल ऐनको दफा ३०मा रहेका “दफा २९”भन्ने शब्दहरुको सट्टा“दफा२७ र २९” भन्ने शब्दहरु राखी सोही दफाको खण्ड (छ) को प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छः-

"तर यो ऐन प्रारम्भ हुनु भन्दा अघि दफा २५ को उपदफा (१) बमोजिम "क"वर्गको भौगोलिक क्षेत्रमा कम्तीमा एक वर्ष वा "ख" वर्गको भौगोलिक क्षेत्रमा कम्तीमा दुई वर्ष सेवा गरिसकेका वा समायोजन ऐन बमोजिम समायोजन भएका कर्मचारीको हकमा एक पटकको लागि र सबै भौगोलिक क्षेत्रमा पद नभएका सेवा, समूह र तहका कर्मचारीलाई स्तरवृद्धि र बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन बाधा पर्ने छैन।"

१६. <u>मूल ऐनको दफा ३३ मा संशोधन:</u> मूल ऐनको दफा ३३ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

“(४) बढुवा समितिले कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा सिफारिस गर्दा सबैभन्दा बढी अङ्क प्राप्त गरेको कर्मचारीलाई सबैभन्दा पहिले सिफारिस गर्नु पर्नेछ।

तर कार्यक्षमताको मूल्याङ्कन गर्दा समान अङ्क प्राप्त गर्ने कर्मचारीको हकमा ज्येष्ठताको आधारमा बढुवा सिफारिस गर्नु पर्नेछ र त्यस्ता कर्मचारीको ज्येष्ठता निर्धारणको आधार दफा ३२ को उपदफा (२) बमोजिम हुनेछ।”

१७. **<u>मूल ऐनको दफा ३६ मा संशोधनः</u>** मूल ऐनको दफा ३६ को दफा शिर्षकमा रहेको “विभाजन” भन्ने शब्दको सट्टा “अङ्क” भन्ने शब्द राखी सोही दफाको उपदफा (१) मा रहेको “पदमा” भन्ने शब्द झिकिएको छ।

१८. **<u>मूल ऐनको दफा ४२ मा संशोधनः</u>** मूल ऐनको दफा ४२ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छः-

"तर यस ऐनको दफा २९, ३०, ३१, ३२, ३३, ३४, ३५, ३६, र ३७ वा सो अन्तरगत बनेका नियमहरुमा पहिलो पटक संशोधन वा परिवर्तन भएको विषय सो संशोधन वा परिवर्तन भएको मितिले एक वर्ष भित्र लागू हुन बाधा पर्ने छैन।"

१९. **<u>मूल ऐनको दफा ४८ मा संशोधनः</u>** मूल ऐनको दफा ४८ को उपदफा (३) झिकिएको छ।

२०. **<u>मूल ऐनको दफा ५५ मा संशोधनः</u>** मूल ऐनको दफा ५५ को सट्टा देहायको दफा ५५ राखिएको छः-

“**५५. <u>अनिवार्य अवकाश</u>**ः (१) प्रदेश निजामती सेवाको कर्मचारीले साठी वर्ष उमेर पूरा भएपछि अनिवार्य अवकाश पाउनेछ।

तर सचिवको हकमा निजको उमेरसाठी वर्ष पुग्नुभन्दा अगाडि सचिवको लागि तोकिएको कार्यकालको अवधि सकिएमा निजले स्वतः अनिवार्य अवकाश पाउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय निजामती सेवाबाट समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएको कर्मचारीको अनिवार्य अवकाशको उमेर सङ्घीय निजामती सेवाको कर्मचारी सरह र नेपाल स्वास्थ्य सेवाबाट समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएको कर्मचारीको अनिवार्य अवकाशको उमेर नेपाल स्वास्थ्य सेवाको कर्मचारी सरह हुनेछ।”

२१. **<u>मूल ऐनको दफा ६१ मा संशोधनः</u>** मूल ऐनको दफा ६१ को उपदफा (५) मा रहेका “नेपाल निजामती सेवा वा नेपाल स्वास्थ्य सेवामा बहाल रहेको कर्मचारीले” भन्ने शब्दहरुको सट्टा “निजामती सेवा वा नेपाल स्वास्थ्य सेवामा रही समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएको कर्मचारीले” भन्ने शब्दहरु राखिएका छन्।

२२. **<u>मूल ऐनको दफा ६४ मा संशोधनः</u>** मूल ऐनको दफा ६४ को उपदफा (२) मा रहेका “निवृत्तभरण उपलब्ध गराउने”भन्ने शब्दहरुको सट्टा “निवृत्तभरण, उपदान लगायतका सुविधा उपलब्ध गराउने” भन्ने शब्दहरु राखिएका छन्।

२३. **<u>मूल ऐनको दफा ६८ मा संशोधनः</u>** मूल ऐनको दफा ६८ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

“(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि योगदानमूलक निवृत्तभरण सम्बन्धी सङ्घीय कानूनमा उल्लेख भएको अवधिभन्दा अघिदेखि सङ्घीय निजामती सेवामा बहाल रही समायोजन ऐन बमोजिम सङ्घीय निजामती सेवा वा प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएको कर्मचारी खुला वा अन्तर तह प्रतियोगितामा छनौट भई वा बढुवा भई प्रदेश निजामती सेवामा निरन्तर रहेको भए निजको हकमा यो दफा लागू हुने छैन।”

२४. **<u>मूल ऐनको दफा ७५ मा संशोधनः</u>** मूल ऐनको दफा ७५ को उपदफा (५) मा रहेका “पूर्व स्वीकृति नलिई” भन्ने शब्दहरुको सट्टा “पूर्व स्वीकृति लिई” भन्ने शब्दहरु राखिएका छन्।

२५. **<u>मूल ऐनको दफा ११४ मा संशोधनः</u>** मूल ऐनको दफा ११४ मा रहेका “अन्य प्रदेशको निजामती सेवा” भन्ने शब्दहरुको सट्टा “जुनसुकै प्रदेशको निजामती सेवा” भन्ने शब्दहरु राखिएका छन्।

२६. **<u>मूल ऐनको दफा ११५ मा संशोधनः</u>** मूल ऐनको दफा ११५मा रहेको "सङ्घ," भन्ने शब्द झिकिएको छ।

२७. **<u>मूल ऐनको दफा १२५ मा संशोधनः</u>** मूल ऐनको दफा १२५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रदेश सरकारले सेवा प्रवाहमा विशेष योगदान दिने कर्मचारीलाई प्रत्येक वर्ष प्रदेश निजामती सेवा दिवसको दिन तोकिए बमोजिम प्रदेश निजामती पुरस्कार प्रदान गर्न सक्नेछ।"

२८. **<u>मूल ऐनको दफा १२६ मा संशोधनः</u>** मूल ऐनको दफा १२६ को उपदफा (१) मा रहेका "प्रदेश मातहतको" भन्ने शब्दहरुको सट्टा "प्रदेश सरकार मातहतको" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका "प्रदेश निजामती सेवा अस्पताल" भन्ने शब्दहरुको सट्टा "प्रदेश निजामती कर्मचारी अस्पतालको रुपमा" भन्ने शब्दहरु राखिएका छन्।

२९. **<u>मूल ऐनको दफा १२९ मा संशोधनः</u>** मूल ऐनको दफा १२९ मा रहेका "अधिकृत एघारौं तह" भन्ने शब्दहरुको सट्टा "अधिकृत दशौं तह" भन्ने शब्दहरु राखिएका छन्।

३०. **<u>मूल ऐनको दफा १३६ मा संशोधनः</u>** मूल ऐनको दफा १३६ को उपदफा (१) मा रहेका "निजामती सेवा" भन्ने शब्दहरु पछि "र नेपाल स्वास्थ्य सेवा" भन्ने शब्दहरु थपिएका छन्।

कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयकको

<u>तीन महले विवरण</u>

| क्र. सं. | हालको कानूनी व्यवस्था | संशोधनको लागि प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|
| १. | <u>**दफा २ को खण्ड (ग):**</u> "कार्यालय" भन्नाले प्रदेश सरकार मातहतका कार्यालय सम्झनु पर्छ र सो शब्दले मन्त्रालय, सचिवालय र निर्देशनालयलाई समेत जनाउँछ। | <u>**दफा २ मा संशोधनः**</u> कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ग) मा रहेको "सचिवालय" भन्ने शब्द पछि "आयोग" भन्ने शब्द थपिएको छ। | कानून तर्जुमाको दृष्टिकोणबाट मिलान। |
| २. | <u>**दफा ४ को उपदफा (२):**</u> (२) उपदफा (१) बमोजिमका सेवामा तोकिए बमोजिमका विभिन्न समूह तथा उपसमूह रहनेछन्। | <u>**दफा ४ मा संशोधनः**</u> मूल ऐनको दफा ४ को उपदफा (२) पछि देहायको उपदफा (२क), (२ख), (२ग) र (२घ) थपिएको छः-<br>"(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश प्रशासन सेवाको अधिकृतस्तर नवौं तह वा सोभन्दा माथिको तहमा समूह र उपसमूह रहने छैन।<br>(२ख) यो ऐन प्रारम्भ हुँदाका बखत प्रदेश प्रशासन सेवाको लेखा तथा राजस्व समूहका अधिकृत स्तर नवौं तहको पदमा कार्यरत कर्मचारी र यो ऐन प्रारम्भ हुनु अघि प्रदेश लोक सेवा आयोगमा पदपूर्ति प्रक्रियामा रही यो ऐन प्रारम्भ भएपछि प्रदेश प्रशासन सेवाको सोही समूह र तहको पदमा सिफारिस हुने कर्मचारी प्रदेश प्रशासन सेवाको नवौं तहको पदमा समाहित हुनेछ।<br>(२ग) उपदफा (२ख) बमोजिम समाहित हुने कर्मचारीलाई अख्तियारवालाले यो ऐन प्रारम्भ भएको मितिले एक महिनाभित्र समाहित भएको पत्र दिनु पर्नेछ।<br>(२घ) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश लेखा नियन्त्रकको पदमा प्रमुख सचिवले लेखा समूहको अधिकृतस्तर सातौं वा आठौं तहबाट | प्रदेश प्रशासन सेवाको लेखा र राजस्व समूहका कर्मचारीको वृत्ति विकासलाई सुनिश्चित गर्न। |

<table>
<tr><td></td><td></td><td>अधिकृतस्तर नवौं तहमा नियुक्ति भएका वा कर्मचारी समायोजन ऐन बमोजिम अधिकृत स्तर नवौं वा दशौं तहमा समायोजन भएको लेखा समूहको कर्मचारीलाई खटाउन सक्नेछ।"</td><td></td></tr>
<tr><td>३.</td><td><u>दफा ५ को उपदफा (१)</u><br>प्रदेश निजामती सेवामा देहाय बमोजिमका तहहरु रहनेछन्:-<br><u>अधिकृतस्तर</u> — <u>सहायकस्तर</u><br>एघारौं तह — पाँचौं तह<br>दशौं तह — चौथो तह<br>नवौं तह — तहविहिन<br>आठौं तह<br>सातौं तह<br>छैटौं तह</td><td><u>दफा ५ मा संशोधनः</u> मूल ऐनको दफा ५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-<br>"(१) प्रदेश निजामती सेवामा देहाय बमोजिमका तहहरु रहनेछन्ः-<br><u>अधिकृतस्तर</u> — <u>सहायकस्तर</u><br>एघारौं — पाँचौं<br>दशौं — चौथो<br>नवौं — तेस्रो<br>आठौं — तहविहिन<br>सातौं<br>छैटौं"</td><td>प्रदेश वन सेवाका तहविहिन (वन रक्षक) तहमा कार्यरत कर्मचारीको वृत्ति विकास सुनिश्चित गर्न।</td></tr>
<tr><td>४.</td><td><u>दफा ८</u><br><u>प्रदेश निजामती सेवाको पदपूर्ति</u>: (१) प्रदेश निजामती सेवाको रिक्त पदको पूर्ति देहाय बमोजिम गरिनेछः-<br><table><tr><td colspan="2" rowspan="2">तह</td><td rowspan="2">खुला प्रतियोगित्मक परीक्षाद्वारा</td><td rowspan="2">अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा</td><td colspan="3">बढुवा</td></tr><tr><td>आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षा द्वारा</td><td>कार्यक्षमताको मूल्याङ्कनद्वारा</td><td>ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कन द्वारा</td></tr><tr><td>(क)</td><td>तहविहीन</td><td>१००%</td><td>-</td><td>-</td><td>-</td><td>-</td></tr></table></td><td><u>दफा ८ मा संशोधनः</u> मूल ऐनको दफा ८ को,-<br>(१) उपदफा (१) र उपदफा (२) को सट्टा देहायको उपदफा (१) र उपदफा (२) राखिएका छन्ः-<br>)"१ (प्रदेश निजामती सेवाको रिक्त पदको पूर्ति देहाय बमोजिम गरिनेछ-ः"<br><table><tr><td rowspan="2">तह</td><td rowspan="2">खुला प्रतियोगित्मक परीक्षाद्वारा</td><td rowspan="2">अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा</td><td colspan="3">बढुवा</td></tr><tr><td>ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा</td><td>कार्यक्षमताको मूल्याङ्कनद्वारा</td><td>आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा</td></tr></table></td><td>कर्मचारीको वृत्ति विकास गरी उत्प्रेरित गर्न, एघारौं तहको पदमा सचिव बाहेक अरु कर्मचारी पनि रहन्छन् भन्ने सुनिश्चित गर्न र कर्मचारी समायोजन ऐन, २०७५ को दफा १५ को</td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (वन रक्षक) | | | | | |
| (ख) | सहायक चौथो | ७०% | - | २०% | - | १०% |
| (ग) | सहायक पाँचौं | ५०% | - | - | २५ % | २५% |
| (घ) | अधिकृत छैटौं | १०० % स्तर वृद्धि | | | | |
| (ङ) | अधिकृत सातौं | ५०% | ५% | १०% | २० % | १५% |
| (च) | *अधिकृत* आठौं | १०० % स्तर वृद्धि | | | | |
| (छ) | अधिकृत आठौं (कृषि सेवाको पशु चिकित्सक) | १००% | - | - | | - |
| (ज) | अधिकृत नवौं | १०% | १० % | १०% | ३५ % | ३५% |
| (झ) | अधिकृत नवौं (कृषि सेवाको पशु चिकित्सक) | २०% | १० % | - | ३५ % | ३५% |
| (ञ) | अधिकृत दशौं | १०० % स्तर वृद्धि | | | | |
| (ट) | अधिकृत एघारौं (सचिव) | - | - | - | ८० % | २० % |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश स्वास्थ्य सेवाको पदमा देहाय बमोजिम पदपूर्ति गरिनेछः-

| तह | | खुला | अन्तर | बढुवा |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (ट) | तहविहीन | - | - | - | - | - |
| (ठ) | सहायक तेस्रो (वनरक्षक) | १०० % | - | - | - | - |
| (ड) | सहायक चौथो | ७० % | - | १० % | - | २०% |
| (ढ) | सहायक पाँचौं | ५० % | - | २५ % | २५ % | - |
| (ण) | अधिकृत छैटौं | स्तर वृद्धि | | | | |
| (त) | अधिकृत सातौं | ५०% | १० % | १० % | २० % | १०% |
| (थ) | अधिकृत आठौं | स्तर वृद्धि | | | | |
| (द) | अधिकृत नवौं | १०% | १० % | ३५ % | ३५ % | १०% |
| (ध) | अधिकृत दशौं | स्तर वृद्धि | | | | |
| (न) | अधिकृत एघारौं | - | - | २० % | ८० % | - |

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश स्वास्थ्य सेवाको पदमा देहाय बमोजिम पदपूर्ति गरिनेछ":-

| तह | | खुला प्रतियोगितात्मक परीक्षाद्वारा | अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा | बढुवा | | |
|---|---|---|---|---|---|---|
| | | | | ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा | कार्यक्षमताको मूल्याङ्कनद्वारा | आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षाद्वारा |
| (छ) | सहायक चौथो | १०० % | - | - | - | - |
| (ज) | सहायक | ६० | १० | २० | - | १०% |

उपदफा (१) को खण्ड (ज) ले मार्ग निर्देश गरेका विषयलाई समेत ऐनमा समावेश गर्न।

| | | प्रतियोगितात्मक परीक्षाद्वारा | तह प्रतियोगितात्मक परीक्षाद्वारा | आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षाद्वारा | कार्यक्षमताको मूल्याङ्कनद्वारा | ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कन द्वारा |
|---|---|---|---|---|---|---|
| (क) | सहायक चौंथो | १००% | | | | |
| (ख) | सहायक पाँचौं | ६५% | ५% | १५% | - | १५% |
| (ग) | अधिकृत छैटौं | १००% स्तर वृद्धि | | | | |
| (घ) | अधिकृत सातौं | ५०% | - | १५% | १०% | २५% |
| (ङ) | अधिकृत आठौं (चिकित्सक बाहेक) | | | | | |
| (च) | अधिकृत आठौं (चिकित्सक) | १००% | - | - | - | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पाँचौं | % | % | % | | |
| (झ) | अधिकृत सातौं | ५०% | १०% | १५% | १५% | १०% |
| (ञ) | अधिकृत आठौं (चिकित्सक) | १००% | - | - | - | - |
| (ट) | अधिकृत नवौं तह | २०% | १०% | ३०% | ३०% | १०% |
| (ठ) | अधिकृत एघारौं | - | - | २०% | ८०% | - |

(२) उपदफा (३) पछि देहायको उपदफा (३क), (३ख) र (३ग) थपिएको छः-

"(३क) प्रदेश वन सेवा जनरल फरेष्ट्री समूहको तहविहिन तहमा कार्यरत वनरक्षकलाई अख्तियारवालाले यो ऐन प्रारम्भ भएको मितिले एक महिनाभित्र सहायक तेस्रो तहमा तह मिलान गरिदिने छ।

(३ख) नेपाल सरकारले उपदफा (३क) बमोजिम तह मिलान हुने प्रदेश निजामती सेवाको सहायक तेस्रो तहका कर्मचारीको लागि तलबमान निर्धारण नगरेको अवस्थामा सङ्घीय निजामती सेवाका राजपत्रअनङ्कित तृतीय श्रेणीको कर्मचारीको लागि कायम भएको तलब एवं ग्रेडलाई नै प्रदेश निजामती सेवाको सहायक तेस्रो तहमा कार्यरत कर्मचारीको लागि कायम भएको तलब एवं ग्रेड मानिनेछ।

(३ग) उपदफा (३क) बमोजिम तह मिलान हुने सम्बन्धित कर्मचारीले खाईपाई आएको तलबभन्दा घटी हुने भएमा खाईपाई आएको तलबभन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।"

(३) उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांश र उपदफा (४) मा रहेका "उपदफा (१) को खण्ड (ज) र (झ)" भन्ने

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (छ) | अधिकृत नवौं तह | २०% | १०% | १०% | ३०% | ३०% |
| (ज) | अधिकृत दशौं | १००% स्तर वृद्धि | | | | |
| (झ) | अधिकृत एघारौं (सचिव) | - | - | - | ८०% | २०% |

(३) उपदफा (१) र (२) मा उल्लिखित खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने पदको लागि आवश्यक योग्यता तोकिए बमोजिम हुनेछ।

तर उपदफा (१) को खण्ड (ज) र (झ) तथा उपदफा (२) को खण्ड (छ) बमोजिम खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गरिने अधिकृत नवौं तहको पदको लागि चाहिने न्यूनतम योग्यता सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्थाको अधिकृतस्तर वा सो सरहको पदमा कम्तीमा पाँच वर्षको सेवा अवधि पूरा गरेको हुनु पर्नेछ।

(४) उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांशमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ज) र (झ) तथा उपदफा (२) को खण्ड (छ) बमोजिम खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने नवौ तहको पदको लागि सम्बन्धित क्षेत्रको विषयमा विद्यावारिधिको उपाधि प्राप्त गरेको उम्मेदवारको लागि कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्थाको अधिकृतस्तर वा सो सरहको पदमा

शब्दहरुको सट्टा "उपदफा (१) को खण्ड (ज)" भन्ने शब्दहरु र "उपदफा (२) को खण्ड (छ)" भन्ने शब्दहरुको सट्टा "उपदफा (२) को खण्ड (ङ)" भन्ने शब्दहरु राखिएका छन्।

(४) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

“(७) उपदफा (१) को खण्ड (ग) बमोजिमको आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको र प्रदेश निजामती सेवाको तहविहीन तहको पदमा पाँच वर्ष र सहायक तेस्रो तहको पदमा तीन वर्ष सेवा अवधि पूरा गरेको स्थायी कर्मचारी उम्मेदवार हुन सक्नेछ।”

(५) उपदफा (८) मा रहेको "उपदफा (१) को खण्ड (ङ) र (ज)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) को खण्ड (च) र (ज)" भन्ने शब्दहरु तथा "उपदफा (२) को खण्ड (ख), (घ) र (छ)" भन्ने शब्दहरुको सट्टा "उपदफा (२) को खण्ड (ख), (ग) र (ङ)" भन्ने शब्दहरु राखिएका छन्।

(६) उपदफा (८) को स्पष्टीकरणको खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छः-

“(ग) “एक तह मुनिको पदमा पाँच वर्ष सेवा अवधि” भन्नाले अधिकृतस्तर नवौं तहको लागि अधिकृतस्तर सातौं वा आठौं तहको कूल सेवा अवधि र अधिकृतस्तर सातौं तहको लागि सहायकस्तर पाँचौं वा अधिकृतस्तर छैठौं तहको कूल सेवा अवधि सम्झनु पर्छ।”

(७) उपदफा (९) को खण्ड (क) मा रहेका “प्रदेश प्रशासन सेवा र प्रदेश शिक्षा सेवाका ”भन्ने शब्दहरुको सट्टा “प्रदेश आर्थिक योजना तथा तथ्याङ्क सेवा, प्रदेश प्रशासन सेवा र

| | | | |
|---|---|---|---|
| | कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको व्यक्ति त्यस्तो पदमा उम्मेदवार हुन सक्नेछ।<br>(७) उपदफा (१) को खण्ड (ख) बमोजिमको आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको र प्रदेश निजामती सेवाको तहविहीन पदमा पाँच वर्ष सेवा अवधि पूरा गरेको स्थायी कर्मचारी उम्मेदवार हुन सक्नेछ।<br>(८) उपदफा (१) को खण्ड (ङ) र (ज) बमोजिम आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा र उपदफा (२) को खण्ड (ख), (घ) र (छ) बमोजिम आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको र प्रदेश निजामती सेवाको एक तहमुनिको पदमा पाँच वर्ष सेवा अवधि पूरा गरेको कर्मचारी उम्मेदवार हुन सक्नेछ।<br><u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि,-<br>(क) "आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षा" भन्नाले प्रदेश निजामती सेवाभित्रका विभिन्न सेवा र समूहबीचको प्रतिस्पर्धात्मक परीक्षा सम्झनु पर्छ।<br>(ख) "आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षा" भन्नाले प्रदेश निजामती सेवाको स्वास्थ्य सेवाभित्रका विभिन्न समूहबीचको प्रतिस्पर्धात्मक परीक्षा सम्झनु पर्छ।<br>(९) उपदफा (१) र (२) बमोजिम कार्यक्षमताको मूल्याङ्कन र ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि दफा २९ बमोजिमको योग्यता पुगेको प्रदेश निजामती सेवाको कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन | प्रदेश शिक्षा सेवाका” भन्ने शब्दहरु राखिएका छन्।<br>(८) उपदफा (९) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छः-<br>"(ग) प्रदेश स्वास्थ्य सेवामा स्तर वृद्धि भएको कर्मचारी उपदफा (२) बमोजिमको पदमा नियुक्ति, बढुवा वा नेपाल स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानून बमोजिम पदस्थापना भएको भए मात्र बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छ।"<br>(९) उपदफा (१०) मा रहेका “नेपाल विविध सेवाका कर्मचारी” भन्ने शब्दहरु पछि “र प्रदेश लोक सेवा आयोगको सिफारिसमा प्रदेश विविध सेवामा नियुक्त भएका कर्मचारी” भन्ने शब्दहरु थपिएका छन्।<br>(१०) उपदफा (१०) पछि देहायको उपदफा (१०क), (१०ख) र (१०ग) थपिएका छन्:-<br>“(१०क) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशको मागको आधारमा सङ्घको सेवाको पदमा समायोजन भएको कर्मचारी समायोजन ऐनको दफा ९ बमोजिम प्रदेशमा कामकाज गर्न खटिएको र निरन्तर रुपमा पाँच वर्ष वा सो भन्दा बढी अवधिसम्म प्रदेशमा सेवा गरिरहेको भए यस ऐन बमोजिमको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछ।"<br>(१०ख) समायोजन ऐन बमोजिम प्रदेशको चौंथो तहमा समायोजन भएका प्रदेश स्वास्थ्य सेवा बाहेकका कर्मचारीलाई यो उपदफा प्रारम्भ हुँदाका बखत सहायकस्तर चौंथो तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको र पाँच वर्ष सेवा अवधि पुगेको भए एकपटकको लागि | |

| | | | |
|---|---|---|---|
| | सक्नेछ।<br>तर,<br>(क) प्रशासन सेवाको एघारौं तहको सचिवको पदमा बढुवा गर्ने प्रयोजनको लागि प्रदेश प्रशासन सेवा र प्रदेश शिक्षा सेवाका एक तह मुनिका आवश्यक न्यूनतम सेवा अवधि र न्यूनतम योग्यता पुरा गरेका कर्मचारी सम्भाव्य उम्मेदवार हुनेछन्।<br>(१०) यो ऐन प्रारम्भ हुनु अघि समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएका नेपाल विविध सेवाका कर्मचारी प्रदेश प्रशासन सेवाको एक तह माथिको पदमा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।<br>(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि सहायकस्तर पाँचौं तहको कम्प्युटर अपरेटर, सहायकस्तर चौथो तहको सहायक कम्प्युटर अपरेटर र तहविहीन पदमा कार्यरत सवारी चालक, कार्यालय सहयोगी, चौकीदार, इलेक्ट्रिसियन, प्लम्बर, माली, सरसफाइ गर्ने कर्मचारी र यस्तै काम गर्ने अन्य तोकिए बमोजिमका पदमा स्थायी पदपूर्ति गरिने छैन र त्यस्ता पदबाट सम्पादन गरिने कार्य न्यूनतम पारिश्रमिक तोकी संस्था वा व्यक्तिसँग करार गरी सेवा करारबाट कार्य सम्पादन गराउन सकिनेछ।<br>(१३) समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएका नेपाल विविध सेवाका कर्मचारीको पद र तहविहीन पद रिक्त भएमा त्यस्तो पद स्वतः खारेज हुनेछ र सोको जानकारी सम्बन्धित कार्यालयले प्रदेश कर्मचारी अभिलेखालयमा दिनु पर्नेछ।<br>तर तहविहीन वनरक्षक पद खारेज हुने छैन र त्यस्तो पदमा यस ऐन बमोजिम पदपूर्ति गरिनेछ। | अख्तियारवालाले सहायकस्तर पाँचौं तह कायम गरिदिनेछ। त्यसरी कायम हुने तहको दरबन्दी स्वतः सिर्जना हुनेछ र साबिकको दरबन्दी स्वतः खारेज हुनेछ।<br>(१०ग) उपदफा (१०ख) बमोजिम तह कायम गर्दा सम्बन्धित कर्मचारीले खाइपाई आएको तलबभन्दा घटी हुने भएमा खाईपाई आएको तलबभन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।"<br>(११) उपदफा (१२) को सट्टा देहायको उपदफा (१२) राखिएको छः-<br>"(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि सहायकस्तर चौथो र पाँचौं तहको कम्प्युटर अपरेटर, कम्प्युटर टेक्निसियन, भिडियो ग्राफर, माइक सञ्चालक तथा रेकर्डिङ्ग अपरेटर र तहविहीन पदमा कार्यरत सवारी चालक, कार्यालय सहयोगी, चौकीदार, इलेक्ट्रिसियन, प्लम्बर, माली, सरसफाइ गर्ने कर्मचारी र यस्तै काम गर्ने अन्य तोकिए बमोजिमका पदमा स्थायी पदपूर्ति गरिने छैन र त्यस्ता पदबाट सम्पादन गरिने कार्य न्यूनतम पारिश्रमिक तोकी संस्था वा व्यक्तिसँग करार गरी सेवा करारबाट कार्य सम्पादन गराउन सकिनेछ।<br>(१२) उपदफा (१३) मा रहेका “नेपाल विविध सेवाका कर्मचारी” भन्ने शब्दहरु पछि “र प्रदेश लोक सेवा आयोगको सिफारिसमा प्रदेश विविध सेवामा नियुक्त भएका कर्मचारी” भन्ने शब्दहरु थप गरी उक्त उपदफामा रहेको प्रतिवन्धात्मक वाक्यांश झिकिएको छ।<br>(१३) उपदफा (१४) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छः-<br>"(ङ) सङ्घीय नेपाल स्वास्थ्य सेवा | |

| | | | |
|---|---|---|---|
| | (१४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश निजामती सेवाको देहायका पद रिक्त भएमा देहाय बमोजिम पदपूर्ति गर्नु पर्नेछः-<br>(क) छैठौं तहको पद रिक्त भएमा पाँचौं तहको पद रिक्त मानी पदपूर्ति गर्ने,<br>(ख) आठौं तहको स्वास्थ्य सेवाको चिकित्सक र कृषि सेवाको पशु चिकित्सक बाहेकका पद रिक्त भएमा सातौं तहको पद रिक्त मानी पदपूर्ति गर्ने,<br>(ग) आठौं तहको स्वास्थ्य सेवाको चिकित्सक र कृषि सेवाको पशु चिकित्सकको पद रिक्त भएमा सोही तहको पद रिक्त मानी पदपूर्ति गर्ने,<br>(घ) दशौं तहको पद रिक्त भएमा नवौं तहको पद रिक्त मानी पदपूर्ति गर्ने।<br>(१५) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा रिक्त पद देहाय बमोजिम पूर्ति गरिनेछः-<br>(ख) आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षा वा आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदका लागि छुट्याइएको सबै वा केही पदमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को वर्षको कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाद्वारा पूर्ति गर्ने,<br>तर उपदफा (१) को खण्ड (ख) र उपदफा (२) को खण्ड (ख) को हकमा त्यस्तो पद अर्को वर्षको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाद्वारा पूर्ति गरिनेछ।<br>(ग) ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि छुट्याइएको सबै वा केही पदमा सम्भाव्य उम्मेदवार नभई पदपूर्ति हुन नसक्ने | सम्बन्धी कानून बमोजिम चौथो र पाँचौं तहमा शुरु नियुक्ति भई समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन हुँदा क्रमशः छैटौं र सातौं तहमा समायोजन भएका र सातौं तहमा समायोजन भई सो तहमा शुरु नियुक्ति, बढुवा तथा नेपाल स्वास्थ्य सेवा सम्बन्धी कानून बमोजिम पदस्थापना नहुँदै अधिकृतस्तर आठौं तहमा स्तरवृद्धि भएका कर्मचारीको पद रिक्त भएमा क्रमशः चौथो र पाँचौं तहको पद रिक्त मानी पदपूर्ति गर्ने।"<br>(१४) उपदफा (१५) को खण्ड (ख) र (ग) को प्रतिवन्धात्मक वाक्यांशमा रहेको "उपदफा (१) को खण्ड (ख)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) को "खण्ड (ग)" भन्ने शब्दहरु राखिएका छन्।<br>(१५) उपदफा (१५) को खण्ड (घ) को प्रतिवन्धात्मक वाक्यांशमा रहेको "उपदफा (१) को खण्ड (ट)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) को खण्ड (ज)" भन्ने शब्दहरु र "उपदफा (२) को खण्ड (झ)" भन्ने शब्दहरुको सट्टा "उपदफा (२) को खण्ड (च)" भन्ने शब्दहरु राखिएका छन्। | |

| | | | |
|---|---|---|---|
| | भएमा जुन वर्षको लागि त्यस्तो पद छुट्याइएको हो सोही वर्षको त्यस्तो पद कार्यक्षमताको मूल्याङ्कनद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गर्ने,<br>तर उपदफा (१) को खण्ड (ख) को हकमा त्यस्तो पद अर्कोवर्षको आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा र उपदफा (२) को खण्ड (ख) को हकमा त्यस्तो पद अर्कोवर्षको आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गरिनेछ।<br>(घ) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि छुट्याइएको सबै वा केही पदमा सम्भाव्य उम्मेदवार नभई पदपूर्ति हुन नसक्ने भएमा जुन वर्षको लागि त्यस्तो पद छुट्याइएको हो सोही वर्षको खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गरिनेछ।<br>तर उपदफा (१) को खण्ड (ट) र उपदफा (२) को खण्ड (झ) को हकमा त्यस्तो पद सोहीवर्षको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाद्वारा पदपूर्ति गरिनेछ। | | |
| ५. | <u>दफा ९ को उपदफा (१)</u><br>प्रदेश निजामती सेवालाई समावेशी बनाउन दफा ८ को उपदफा (१) र (२) बमोजिम खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहायका प्रत्येक समूहलाई तोकिएको पदमा तेत्तीस प्रतिशत महिलालाई छुट्याई देहाय बमोजिमका उम्मेदवार बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछः-<br>(क) खस आर्य - पैंतालीस प्रतिशत<br>(ख) दलित - बाइस प्रतिशत<br>(ग) आदिवासी जनजाती - बाह्र प्रतिशत<br>(घ) पिछडिएको क्षेत्र - दश प्रतिशत | <u>दफा ९ मा संशोधनः</u> मूल ऐनको दफा ९ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-<br>"(१क) उपदफा (१) बमोजिम पदपूर्ति गर्ने प्रयोजनको लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका खस आर्य, दलित, आदिवासी जनजाति, मधेशी तथा मुस्लिम र थारु समुदायको विवरण प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।<br>तर प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी नतोकेसम्मको लागि सम्पूर्ण खस आर्य, दलित, आदिवासी जनजाति, मधेशी तथा मुस्लिम र | प्रदेश निजामती सेवामा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका खस आर्य, दलित, आदिवासी जनजाति, मधेशी तथा मुस्लिम र थारु |

| | | | |
|---|---|---|---|
| | (ङ) अपाङ्गता भएका व्यक्ति - पाँच प्रतिशत<br>(च) शहिद परिवार तथा बेपत्ता पारिएका व्यक्तिका परिवार - दुई प्रतिशत<br>(छ) मधेशी तथा मुस्लिम - दुई प्रतिशत<br>(ज) थारु - दुई प्रतिशत<br>स्पष्टीकरणः<br>(१) यस उपदफाको खण्ड (क) को प्रयोजनको लागि "खस आर्य" भन्नाले प्रचलित कानून बमोजिम गरिबीको परिचयपत्र प्राप्त गरेको वा त्यसरी परिचयपत्र नभएसम्मका लागि तोकिए बमोजिमभन्दा कम वार्षिक आय भएको भनी सम्बन्धित स्थानीय तहले सिफारिस गरेको खस आर्य समुदायको आर्थिक रुपले विपन्न व्यक्ति सम्झनु पर्छ।<br>(२) यस उपदफाको खण्ड (ख), (ग), (छ) र (ज) को प्रयोजनको लागि "दलित, आदिवासी जनजाती, मधेशी तथा मुस्लिम र थारु" भन्नाले आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका "दलित, आदिवासी जनजाती, मधेशी तथा मुस्लिम र थारु" लाई सम्झनु पर्छ।<br>(३) यस उपदफाको खण्ड (घ) को प्रयोजनको लागि "पिछडिएको क्षेत्र" भन्नाले हुम्ला, डोल्पा, मुगु, कालिकोट, जुम्ला र जाजरकोट जिल्ला सम्झनु पर्छ।<br>(४) यस उपदफाको खण्ड (च) को प्रयोजनको लागि,-<br>(क) "शहिद परिवार" भन्नाले नेपाल राजपत्रमा प्रकाशित शहिदका बावु, आमा, पति, पत्नि वा छोरा वा छोरी, सहोदर भाई वा बहिनी सम्झनु पर्छ। | थारुलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय मानिनेछ।” | समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न। |

| | | | |
|---|---|---|---|
| | (ख) "बेपत्ता पारिएका व्यक्तिका परिवार" भन्नाले जनआन्दोलन तथा सशस्त्र संघर्षका क्रममा बेपत्ता पारिएका व्यक्तिका बावु, आमा, पति, पत्नि वा छोरा वा छोरी, सहोदर भाई वा बहिनी सम्झनु पर्छ। | | |
| ६. | <u>दफा २० को उपदफा (१) (ङ) र उपदफा (३)</u><br>(ङ) सङ्घीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा वा स्थानीय सेवाको समान तहको पदमा कार्यरत नरहेको,<br>(३) अधिकृतस्तर नवौं तहको पदको लागि हुने खुला प्रतियोगितामा यस दफा बमोजिम योग्यता पुगेको व्यक्ति पैंतालिस वर्ष उमेर पूरा नभएसम्म उम्मेदवार हुन सक्नेछ। | <u>दफा २० मा संशोधनः</u> मूल ऐनको दफा २० को,-<br>(१) उपदफा (१) को खण्ड (ङ) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-<br>"तर तोकिएको योग्यता पुगेको प्रदेश स्वास्थ्य सेवामा कार्यरत कर्मचारी सो सेवाको समान तहको पदमा खुला, अन्तरतह प्रतियोगितात्मक परीक्षा र आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षामा सम्भाव्य उम्मेदवार हुन सक्नेछ।"<br><u>स्पष्टीकरण</u>ः यस उपदफाको प्रयोजनको लागि "समान तहको पद" भन्नाले सहायक स्तर पाँचौं र अधिकृत स्तर छैटौं तहको पदमा कार्यरत कर्मचारीको हकमा सहायक स्तर पाँचौं तह, अधिकृत स्तर सातौं र आठौं तहको पदमा कार्यरत कर्मचारीको हकमा अधिकृत स्तर सातौं तह र अधिकृत स्तर नवौं र दशौं तहको पदमा कार्यरत कर्मचारीको हकमा अधिकृत स्तर नवौं तहको पद भन्ने सम्झनु पर्छ।"<br>(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-<br>"(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश स्वास्थ्य सेवाको खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने सबै पद र प्रदेश स्वास्थ्य सेवा बाहेकका अन्य सेवाको अधिकृत स्तर नवौं तहको खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदको | प्रदेश स्वास्थ्य सेवाको स्तरवृद्धि भएको तहमा पदस्थापना गर्न र सेवा प्रवेशको लागि तोकिएको न्यूनतम उमेर नेपाल स्वास्थ्य सेवा ऐनसँग नबाझिने गरी मिलाउन। |

| | | | |
|---|---|---|---|
| | | लागि यस दफा बमोजिम योग्यता पुगेको व्यक्ति पैंतालिस वर्ष उमेर पूरा नभएसम्म उम्मेदवार हुन सक्नेछ। | |
| ७. | दफा २१ को उपदफा (४) र (६)<br>(४) उपदफा (३) बमोजिम प्रदेश लोक सेवा आयोगको सूचीमा कर्मचारी उपलब्ध नभएमा प्रदेश लोक सेवा आयोगको सहमतिमा सङ्घीय लोक सेवा आयोगको अस्थायी योग्यताक्रममा रहेको सूचीबाट कर्मचारी व्यवस्थापन गर्न सकिनेछ।<br>(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश लोक सेवा आयोगको अस्थायी योग्यताक्रम सूची नभएमा वा सङ्घीय लोक सेवा आयोगको अस्थायी योग्यताक्रम सूची नभएको वा अस्थायी सूचीमा रहेको उम्मेदवार उपलब्ध नभएमा प्रदेश लोक सेवा आयोगको सहमतिमा प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम उपदफा (५) मा उल्लिखित अवधिभर सेवा करार नियुक्ति गर्न सकिनेछ। | दफा २१ मा संशोधनः मूल ऐनको दफा २१ को उपदफा (४) र (६) मा रहेका "प्रदेश लोक सेवा आयोगको सहमतिमा" भन्ने शब्दहरु झिकिएका छन्। | करार र अस्थायी पदपूर्तिका लागि लोकसेवा आयोगको सहमति लिनु कानून सम्मत नहुने। |
| ८. | दफा २३<br>कायम मुकायम र निमित्तः (१) विभागीय प्रमुख वा कार्यालय प्रमुखको पद रिक्त भएमा वा त्यस्तो पदमा बहालवाला कर्मचारी पन्ध्र दिनभन्दा बढी समयसम्म बिदा बसेमा वा बिदा स्वीकृत नगराई साठी दिनभन्दा बढी अवधि कार्यालयमा अनुपस्थित भएमा वा प्रचलित कानून बमोजिम निलम्बनमा रहेमा सो पदमा तत्काल काम चलाउनको लागि समान तहको वा बढुवाको लागि सम्भाव्य उम्मेदवार भइसकेको एक तह मुनिको पदको सबै भन्दा वरिष्ठ निजामती कर्मचारीलाई बढीमा छ महिनाको लागि कायम मुकायम मुकरर गर्न सकिनेछ।<br>(२) उपदफा (१) बमोजिम कुनै पदमा कायम मुकायम मुकरर गरिसकेपछि सोही वा अन्य | दफा २३ मा संशोधनः मूल ऐनको दफा २३ को सट्टा देहायको दफा २३ राखिएको छः-<br>"२३. कायम मुकायम र निमित्तः (१) विभागीय प्रमुख वा कार्यालय प्रमुखको पद रिक्त भएमा वा त्यस्तो पदमा बहालवाला कर्मचारी पन्ध्र दिनभन्दा बढी समयसम्म बिदामा बसेमा, बिदा स्वीकृत नगराई साठी दिनभन्दा बढी अवधि कार्यालयमा अनुपस्थित भएमा वा प्रचलित कानून बमोजिम निलम्बनमा रहेमा सो पदमा तत्काल काम चलाउनको लागि समान तहको वा बढुवाको लागि सम्भाव्य उम्मेदवार भइसकेको एक तह मुनिको पदको सबै भन्दा वरिष्ठ निजामती | कायम मुकायम र निमित्त दिने कार्यलाई थप व्यवस्थित गर्न। |

| | | | |
|---|---|---|---|
| | कर्मचारीलाई पुनः सो पदमा कायम मुकायम मुकरर गर्न सकिने छैन।<br>(३) उपदफा (१) र (२) विपरीत कुनै निजामती कर्मचारीलाई कायम मुकायम मुकरर गरेमा निजले सो पदमा रहँदा खाइपाई आएको तलव, भत्ता र अन्य सुविधा बापतको रकम कायम मुकायम मुकरर गर्ने पदाधिकारीबाट असूल उपर गरिनेछ।<br>(४) कुनै कार्यालयको प्रमुख कुनै कारणले कार्यालयमा अनुपस्थित भएमा कार्यालयमा कार्यरत निजामती कर्मचारीमध्ये निकटतम् वरिष्ठ कर्मचारीले निजको निमित्त जनाई दैनिक कार्य सञ्चालन गर्नु पर्नेछ।<br>स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "दैनिक कार्य सञ्चालन" भन्नाले आर्थिक दायित्व पर्ने कार्य, अर्ध न्यायिक प्रकृतिको कार्य र प्रचलित कानूनमा कार्यालय प्रमुखले आफैले गर्नु पर्ने भनी तोकिएका कार्य बाहेक त्यस्तो पदले दैनिक रुपमा सम्पादन गर्नु पर्ने सामान्य प्रशासनिक कार्य सम्झनु पर्छ। | कर्मचारीलाई बढीमा छ महिनाको लागि कायम मुकायम मुकरर गर्न सकिनेछ।<br>(२) देहायका पदमा देहयका अधिकारीले कायम मुकायम मुकरर गर्न सक्नेछः-<br>(क) विभागीय प्रमुखको पदमा प्रदेश सरकार,<br>(ख) अधिकृतस्तर दशौं र नवौं तहको पदमा प्रमुख सचिव,<br>(ग) अधिकृतस्तर आठौं र सातौं तहको पदमा सम्बन्धित विभागीय प्रमुख।<br>(३) उपदफा (१) र (२) बमोजिम कुनै पदमा कायम मुकायम मुकरर गरिएकोमा त्यसको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ।<br>(४) उपदफा (१) बमोजिम कुनै पदमा कायम मुकायम मुकरर गरिसकेपछि सोही वा अन्य कर्मचारीलाई पुनः सो पदमा कायम मुकायम मुकरर गर्न सकिने छैन।<br>(५) उपदफा (१) विपरीत कुनै निजामती कर्मचारीलाई कायम मुकायम मुकरर गरेमा निजले सो पदमा रहँदा खाइपाई आएको तलव, भत्ता र अन्य सुविधा बापतको रकम कायम मुकायम मुकरर गर्ने पदाधिकारीबाट असूल उपर गरिनेछ।<br>(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालयको प्रमुख बिरामी भई वा अन्य कुनै कारणले कार्यालयमा अनुपस्थित भएमा उक्त कार्यालयमा कार्यरत निजामती कर्मचारीमध्ये निकटतम् वरिष्ठ कर्मचारीले निजको निमित्त जनाई दैनिक कार्य सञ्चालन गर्नु पर्नेछ।<br>स्पष्टीकरणः यस उपदफाको प्रयोजनको | |

| | | | |
|---|---|---|---|
| | | लागि "दैनिक कार्य सञ्चालन" भन्नाले आर्थिक दायित्व पर्ने कार्य, अर्ध न्यायिक प्रकृतिको कार्य र प्रचलित कानूनमा कार्यालय प्रमुखले आफैले गर्नु पर्ने भनी तोकिएका कार्य बाहेक त्यस्तो पदले दैनिक रुपमा सम्पादन गर्नु पर्ने सामान्य प्रशासनिक कार्य सम्झनु पर्छ।<br>(७) उपदफा (६) बमोजिम निमित्त भई काम गर्ने निजामती कर्मचारीले आफूभन्दा माथिल्लो निकायमा सूचना गर्नु पर्नेछ।<br>(८) उपदफा (६) बमोजिमको अवस्था सृजना भई तत्काल कार्यालय प्रमुख उपस्थित हुन नसक्ने अवस्था भएमा मन्त्रालयले यस दफा बमोजिमको निमित्त कार्यालय प्रमुखलाई आर्थिक अधिकार प्रयोग गर्न पाउने गरी निर्णय गर्न सक्नेछ।<br>(९) यस दफा बमोजिम कुनै पदमा कायम मुकायम भई काम गरेको वा आर्थिक अधिकार समेत प्रयोग गरी निमित्त कार्यालय प्रमुख भई काम गरेको अवधिको बही (हिसाब) बुझाउने दायित्व त्यस्तो काम गर्ने निजामती कर्मचारीको हुनेछ।" | |
| ९. | <u>दफा २४ को उपदफा (१) (घ), (ङ) र (छ)</u><br>(घ) कार्यालय प्रमुखको पदमा कार्यरत कर्मचारीको सरुवा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिई विषयगत मन्त्रालयले गर्नेछ।<br>(ङ) कर्णाली प्रदेशको स्थानीय सेवाको कर्मचारीलाई कर्णाली प्रदेशभित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरुवा गर्नेछ।<br>(छ) प्रदेश स्वास्थ्य सेवाको दशौं तहसम्मका कर्मचारीलाई सामाजिक विकास मन्त्रालयले | <u>दफा २४ मा संशोधन:</u> मूल ऐनको दफा २४ को उपदफा (१) को,-<br>(१) खण्ड (ङ) झिकिएको छ।<br>(२) खण्ड (छ) मा रहेका 'दशौं तहसम्मका" भन्ने शब्दहरुको सट्टा "आठौं तहसम्मका" भन्ने शब्दहरु राखिएका छन्। | निजामती कर्मचारी र स्थानीय सेवाका कर्मचारीको सरुवा प्रणालीलाई थप व्यवस्थित गर्न। |

| | | | |
|---|---|---|---|
| | सरुवा गर्नेछ। | | |
| १०. | **दफा २७ को उपदफा (१)**<br>दफा ८ को उपदफा (१) को खण्ड (क) को तहविहीन तह बाहेक सोही दफाको उपदफा (१) र (२) बमोजिम स्तर वृद्धि हुने पदमा स्तर वृद्धि हुने तहभन्दा एक तह मुनिको तहमा तीनवर्ष सेवा अवधि पूरा भएको, पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत पञ्चानब्बे प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गरेको र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको निजामती कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र स्तर वृद्धि गरिनेछः- | **दफा २७ मा संशोधनः** मूल ऐनको दफा २७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-<br>“(१) दफा ८ को उपदफा (१) को खण्ड (क) को तहविहीन तह बाहेक सोही उपदफा बमोजिम स्तर वृद्धि हुने तहमा स्तर वृद्धि हुने तहभन्दा एक तह मुनिको पदमा पाँच वर्ष सेवा अवधि पूरा भएको, पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत पञ्चानब्बे प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गरेको र स्तर वृद्धि हुने तहभन्दा एक तह मुनिको पदमा सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भएको कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र स्तर वृद्धि गरिनेछ।” | उच्च कार्यक्षमता भएका कर्मचारीको स्तर वृद्धि गर्न उपयुक्त हुने। |
| ११. | | **दफा २७क. थपः** मूल ऐनको दफा २७ पछि देहायको दफा २७क. थपिएको छः-<br>"२७क. **प्रदेश स्वास्थ्य सेवामा स्तर वृद्धिः** (१) प्रदेश स्वास्थ्य सेवाका देहायका तहमा कार्यरत कर्मचारीले पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषतमा पन्चानब्बे प्रतिशत अङ्क प्राप्त गरेको र कम्तीमा एक वर्ष "क" वर्ग वा दुई वर्ष "ख" वर्गको भौगोलिक क्षेत्रमा रही काम गरेको भए निजलाई देहाय बमोजिम स्तर वृद्धि गरिनेछः- | |

| क्र.स. | हालको तह | स्तरवृद्धि हुने तह | सम्बन्धित तहमा सेवा गर्नु पर्ने अवधि |
|---|---|---|---|
| १ | सहायकस्तर चौथो | सहायकस्तर पाँचौ | पाँच वर्ष |

| | | | |
|---|---|---|---|
| २ | सहायकस्तर पाँचौ<br>(क) सहायकस्तर पाँचौ तहमा शुरु नियुक्ति भएका वा सहायकस्तर पाँचौ तहमा स्तरवृद्धि भई सो तहको लागि न्यूनतम शैक्षिक योग्यता पूरा भएका<br>(ख)सहायकस्तर पाँचौ तहमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा वा यस ऐन बमोजिम आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा भएका वा स्तरवृद्धि भएकामध्ये सो तहको लागि न्यूनतम शैक्षिक योग्यता नभएका | अधिकृतस्तर छैठौं<br>अधिकृतस्तर छैठौं | पाँच वर्ष<br>आठ वर्ष |
| ३ | छैटौं<br>(क) छैठौं तहमा स्तरवृद्धि भएकामध्ये बरिष्ठ पाँचौ तहमा तह मिलान भएका<br>(ख) छैठौ तहमा स्तरवृद्धि भएकामध्ये सहायकस्तर पाँचौ तहमा शुरु नियुक्ति भएका | अधिकृतस्तर सातौं<br>अधिकृतस्तर सातौं | पाँच वर्ष<br>पाँच वर्ष |
| ४ | अधिकृतस्तर सातौं<br>छैठौं तहमा शुरु नियुक्ति भई सातौं तहको पदमा स्तरवृद्धि भएका र सातौं तहमा शुरु नियुक्ति भएका अधिकृत कर्मचारीहरु | अधिकृतस्तर आठौ | पाँच वर्ष |
| ५ | अधिकृतस्तर नवौं | अधिकृतस्तर दशौं | पाँच वर्ष |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुभन्दा

| | | | |
|---|---|---|---|
| | | तत्काल अघिको तहमा कार्यरत रहँदा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची -११ मा तोकिएको भौगोलिक क्षेत्रमध्ये कम्तिमा एक वर्ष "अति दुर्गम" वा दुई वर्ष "दुर्गम" वर्गमा काम गरेको भए यो ऐन प्रारम्भ भए पछि पहिलो पटक हुने स्तर वृद्धिको लागि सो सेवा अवधि समेत दुर्गम क्षेत्रमा सेवा गरेको अवधिमा गणना गरिनेछ।<br>(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनको अङ्क गणना गर्दा यो ऐन प्रारम्भ हुनुभन्दा अघिका वर्षहरुको कार्यसम्पादन मूल्याङ्कन बापत प्राप्त गरेको अङ्क समेत गणना गर्नु पर्ने भएमा ती वर्षहरुको कार्यसम्पादन मूल्याङ्कनको हकमा औषत उत्तम वा सोभन्दा बढी अङ्क प्राप्त गरेको भए यस दफा बमोजिमको योग्यता पुगेको कर्मचारी स्तर वृद्धि हुन बाधा पर्ने छैन।<br>(४) कुनै कर्मचारीले उपदफा (१) मा उल्लिखित भौगोलिक क्षेत्रमा सोही उपदफामा तोकिएको अवधिसम्म काम नगरेको भए त्यस्तो अवधिसम्म त्यस्तो क्षेत्रमा सरुवा भई वा काजमा खटी रुजु हाजिर भएर काम गरिसके पछि स्तरवृद्धि हुन सक्नेछ।<br>तर, पद वा दरबन्दी नभएका कारण कुनै कर्मचारीलाई त्यस्तो क्षेत्रमा खटाउन नसकिने भएमा यस दफाको अधीनमा रही त्यस्ता कर्मचारीलाई माथिल्लो तहमा स्तरवृद्धि गर्न बाधा पर्ने छैन।<br>(५) माथिल्लो तहमा स्तरवृद्धि भएको कर्मचारीले जुन तहबाट स्तरवृद्धि भएको हो सोही तहले गर्नु पर्ने कार्य र तोकिएका अन्य कार्य गर्नु पर्नेछ।<br><br>(६) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको | |

| | | | |
|---|---|---|---|
| | | भए तापनि कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेशमा समायोजन भई यो ऐन प्रारम्भ हुनुभन्दा अघिसम्म प्रदेश स्वास्थ्य सेवाको अधिकृत स्तर सातौं तहमा कार्यरत रहेका कर्मचारीमध्ये सो तहको सम्बन्धित सेवा, समूह र उपसमूहको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता पुगेको र पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा यस दफा बमोजिमको अङ्क प्राप्त गरेको कर्मचारी एक पटकको लागि अधिकृत स्तर आठौं तहमा स्तर वृद्धि हुन बाधा पर्ने छैन।<br>तर यस उपदफा बमोजिम स्तर वृद्धि भएको कर्मचारी अधिकृत स्तर सातौं वा आठौं तहमा सुरु नियुक्ति, बढुवा वा नेपाल स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानून बमोजिम पदस्थापना भई यस ऐनमा तोकिएको योग्यता पुगेको भए मात्र अधिकृत स्तर नवौं तहमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छ।" | |
| १२. | <u>**दफा २८ को उपदफा (३) र (७)**</u><br>(३) उपदफा (१) र (२) बमोजिमको बढुवा समितिको सचिवालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहनेछ।<br>(७) बढुवा समितिले बढुवा आवेदन फाराम बुझाउने अन्तिम मितिले साठी दिनभित्र बढुवाको नतिजा प्रकाशित गर्नु पर्नेछ। | <u>**दफा २८ मा संशोधनः**</u> मूल ऐनको दफा २८ को,-<br>(१) उपदफा (३) मा रहेका "उपदफा (१) र (२) बमोजिमको" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) र (४) बमोजिमको" भन्ने शब्दहरु राखिएका छन्।<br>(२) उपदफा (७) मा रहेको "साठी" भन्ने शब्दको सट्टा "चार महिना" भन्ने शब्दहरु राखिएको छ। | कानून तर्जुमाको क्रममा देखिएका त्रुटि सुधार गर्न र बढुवा समितिलाई आफ्नो कार्यसम्पादन गर्न थप समय आवश्यक पर्ने। |

<table>
<tr>
<td>१३.</td>
<td>

<u>दफा २९ को उपदफा (१)</u>

यस ऐनको दफा ८ को उपदफा (१) र (२) बमोजिम कार्यक्षमताको मूल्याङ्कनद्वारा तथा जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा हुने पदहरुमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सम्बन्धित सेवा, समूह वा उपसमूहको पदमा बढुवा हुन सम्भाव्य उम्मेदवार हुने तल्लो पदमा सेवाकालिन तालिम लिएका, जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा कम्तीमा पन्चानब्बे प्रतिशत अङ्क प्राप्त गरेका र विज्ञापन हुनुभन्दा अघिको असार मसान्तसम्म देहाय बमोजिमको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पूगेको हुनु पर्नेछः-

<table>
<tr><th>बढुवा हुने पद</th><th>बढुवा हुन लाग्ने सेवा अवधि</th><th>न्यूनतम शैक्षिक योग्यता</th></tr>
<tr><td>अधिकृतस्तर एघारौं</td><td>अधिकृतस्तर दशौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको</td><td>सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण</td></tr>
<tr><td>अधिकृतस्तर नवौं</td><td>अधिकृतस्तर आठौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको</td><td>सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण</td></tr>
<tr><td>अधिकृतस्तर सातौं</td><td>अधिकृतस्तर छैटौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको</td><td>सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (स्कूल लिभिङ सर्टिफिकेट एक्जामिनेशन) वा सो सरह उत्तीर्ण</td></tr>
<tr><td>सहायकस्तर पाँचौं</td><td>सहायकस्तर चौंथो तहमा कम्तीमा तीन वर्ष</td><td>सेवा, समूहसँग सम्बन्धित</td></tr>
</table>

</td>
<td>

<u>दफा २९ मा संशोधनः</u> मूल ऐनको दफा २९ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

“(१) यस ऐनको दफा ८ को उपदफा (१) र (२) बमोजिम जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा हुने पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन प्रथम पटक बढुवाको सूचना प्रकाशन हुँदा दरखास्त दिन तोकिएको अन्तिम मितिसम्म सम्बन्धित सेवा, समूह वा उपसमूहको तल्लो पदमा सेवाकालीन तालिम लिएको, प्रचलित कानून बमोजिम सम्बन्धित व्यवसायिक परिषद्मा दर्ता भएको प्रमाणपत्र आवश्यक पर्ने भएमा सो व्यवसायिक दर्ता प्रमाणपत्र लिएको वा त्यस्तो प्रमाणपत्र नविकरण गर्नुपर्ने भए नविकरण भएको, जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा अवधि आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कनको औसतमा पन्चानब्बे प्रतिशत अङ्क प्राप्त गरेको र देहाय बमोजिमको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेको हुनु पर्नेछः-

<table>
<tr><th rowspan="2">बढुवा हुने पद</th><th rowspan="2">बढुवा हुन लाग्ने सेवा अवधि</th><th colspan="2">न्यूनतम शैक्षिक योग्यता</th></tr>
<tr><th>प्रदेश स्वास्थ्य सेवा बाहेकका अन्य प्रदेश सेवा</th><th>प्रदेश स्वास्थ्य सेवा</th></tr>
<tr><td>अधिकृतस्तर एघारौं</td><td>अधिकृतस्तर दशौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि</td><td>सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर</td><td>सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम</td></tr>
</table>

</td>
<td>कर्मचारीको बढुवा प्रक्रियालाई व्यवस्थित र अनुमानयोग्य बनाउन।</td>
</tr>
</table>

| | | |
|---|---|---|
| | सेवा अवधि पूरा गरेको | विषयमा कम्तीमा माध्यमिक शिक्षा परीक्षा (सेकेन्डरी एजुकेशन एक्जामिनेशन) वा सो सरह उत्तीर्ण |
| सहायकस्तर चौथो | तहविहीन तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको | सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा माध्यमिक शिक्षा परीक्षा (सेकेन्डरी एजुकेशन एक्जामिनेशन) वा सो सरह उत्तीर्ण |

<u>स्पष्टीकरणः</u> यस उपदफाको प्रयोजनको लागि "तल्लो पदमा सेवाकालीन तालिम लिएका" भन्नाले सातौं तहको पदका लागि पाँचौं वा छैटौं तहमा, नवौं तहको पदका लागि सातौं वा आठौं तहमा र एघारौं तहको पदका लागि नवौं वा दशौं तहमा न्यूनतम तीस कार्य दिनको सेवासँग सम्बन्धित तालिम लिएको सम्झनु पर्छ।

| | | | |
|---|---|---|---|
| | पूरा गरेको | तह उत्तीर्ण | शैक्षिक योग्यता |
| अधिकृतस्तर नवौं | अधिकृतस्तर आठौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको | सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| अधिकृतस्तर सातौं | अधिकृतस्तर छैटौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको | सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (स्कूल लिभिङ सर्टिफिकेट एक्जामिनेशन) वा सो सरह उत्तीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| सहायकस्तर पाँचौं | सहायकस्तर चौथो तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा, समूहसँग सम्बन्धित विषयमा कम्तीमा माध्यमिक शिक्षा परीक्षा (सेकेन्डरी एजुकेशन एक्जामिनेशन) वा सो सरह उत्तीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| सहायकस्तर चौथो | तहविहीन तहमा कम्तीमा पाँच वर्ष | सेवा, समूहसँग सम्बन्धित विषयमा | - |

| | | | |
|---|---|---|---|
| | सेवा अवधि पूरा गरेको | कम्तीमा माध्यमिक शिक्षा परीक्षा (सेकेन्डरी एजुकेशन एक्जामिनेशन) वा सो सरह उत्तीर्ण | |

<u>**स्पष्टीकरणः**</u> यस उपदफाको प्रयोजनको लागि,-

(क) "तल्लो पदमा सेवाकालीन तालिम लिएका" भन्नाले सातौं तहको पदका लागि पाँचौं वा छैटौं तहमा र नवौं तहको पदका लागि सातौं वा आठौं तहमा तीस कार्य दिनको सेवासँग सम्बन्धित तालिम लिएको सम्झनु पर्छ।"

(ख) "व्यवसायिक दर्ता प्रमाणपत्र" भन्नाले नेपाल मेडिकल काउन्सिल वा नेपाल इन्जिनियरिङ एशोसियसन वा नेपाल नर्सिङ काउन्सिल वा नेपाल स्वास्थ्य व्यवसायिक परिषद्मा दर्ता भएको प्रमाणपत्र वा त्यस्तै प्रकृतिका व्यवसायिक दर्ता प्रमाणपत्र सम्झनु पर्छ।

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) र (१ख) थपिएको छः-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश स्वास्थ्य सेवाको जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनको अङ्क गणना गर्दा यो ऐन प्रारम्भ हुनुभन्दा अघिका वर्षहरुको कार्यसम्पादन मूल्याङ्कन बापत प्राप्त गरेको अङ्क समेत गणना गर्नु पर्ने भएमा ती वर्षको कार्यसम्पादन मूल्याङ्कनको हकमा औषतमा उत्तम वा सोभन्दा बढी अङ्क प्राप्त गरेको भए

| | | | |
|---|---|---|---|
| | | यस दफा बमोजिमको योग्यता पुगेको कर्मचारी जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछ।<br>(१ख) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, आदिवासी जनजाति, मधेशी तथा मुस्लिम, थारु, दलित, अपाङ्गता भएका व्यक्ति र पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका कर्मचारीको उल्लिखित सेवा अवधिमा एक वर्ष कम सेवा अवधि भए पनि बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनेछ।” | |
| १४. | <u>दफा ३०</u><br>दफा २९ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा देहायको अवधिभर कुनै पनि निजामती कर्मचारी स्तर वृद्धि र बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैनः-<br>(छ) दफा २५ को उपदफा (१) बमोजिम "क" र "ख" वर्गका भौगोलिक क्षेत्रमा कम्तीमा दुई सय तेत्तिस दिनका दरले रुजु हाजिर भई न्यूनतम सेवा अवधि पूरा नगरेको।<br>तर समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएका कर्मचारीको हकमा एक पटकको लागि र सबै भौगोलिक क्षेत्रमा पद नभएका सेवा, समूह र तहका कर्मचारीलाई बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन बाधा पर्ने छैन। | <u>दफा ३० मा संशोधनः</u> मूल ऐनको दफा ३० मा रहेका “दफा २९” भन्ने शब्दहरुको सट्टा “दफा २७ र २९” भन्ने शब्दहरु राखी सोही दफाको खण्ड (छ) को प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छः-<br>"तर यो ऐन प्रारम्भ हुनु भन्दा अघि दफा २५ को उपदफा (१) बमोजिम "क" वर्गको भौगोलिक क्षेत्रमा कम्तीमा एक वर्ष वा "ख" वर्गको भौगोलिक क्षेत्रमा कम्तीमा दुई वर्ष सेवा गरिसकेका वा समायोजन ऐन बमोजिम समायोजन भएका कर्मचारीको हकमा एक पटकको लागि र सबै भौगोलिक क्षेत्रमा पद नभएका सेवा, समूह र तहका कर्मचारीलाई स्तरवृद्धि र बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन बाधा पर्ने छैन।" | कानून तर्जुमाको क्रममा छुट भएको विषयलाई समावेश गर्न। |
| १५. | <u>दफा ३३ को उपदफा (३)</u><br>(३) सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्याङ्कन बापत अङ्क गणना गर्दा असार मसान्तसम्मको हिसाबले र अन्य अङ्कको गणना गर्दा बढुवाको दरखास्त दिने अन्तिम म्यादसम्म हासिल गरेको अङ्क गणना गरिनेछ। | <u>दफा ३३ मा संशोधनः</u> मूल ऐनको दफा ३३ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः- “(४) बढुवा समितिले कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा सिफारिस गर्दा सबैभन्दा बढी अङ्क प्राप्त गरेको कर्मचारीलाई सबैभन्दा पहिले सिफारिस | कानून तर्जुमाको दृष्टिकोणबाट मिलाउन। |

| | | | |
|---|---|---|---|
| | | गर्नु पर्नेछ।<br>तर कार्यक्षमताको मूल्याङ्कन गर्दा समान अङ्क प्राप्त गर्ने कर्मचारीको हकमा ज्येष्ठताको आधारमा बढुवा सिफारिस गर्नु पर्नेछ र त्यस्ता कर्मचारीको ज्येष्ठता निर्धारणको आधार दफा ३२ को उपदफा (२) बमोजिम हुनेछ।" | |
| १६. | दफा ३६<br>भौगोलिक क्षेत्रको विभाजनः (१) निजामती कर्मचारीलाई विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभवको अङ्क प्रदान गर्दा देहाय बमोजिमको पदमा एक वा एकभन्दा बढी भौगोलिक क्षेत्रको वर्गमा काम गरेको अनुभव बापत अठार अङ्कमा नबढ्ने गरी देहाय बमोजिम अङ्क दिइनेछः- | दफा ३६ मा संशोधनः मूल ऐनको दफा ३६ को दफा शिर्षकमा रहेको "विभाजन" भन्ने शब्दको सट्टा "अङ्क" भन्ने शब्द राखी सोही दफाको उपदफा (१) मा रहेको "पदमा" भन्ने शब्द झिकिएको छ। | कानून तर्जुमाको दृष्टिकोणबाट मिलाउन। |
| १७. | दफा ४२<br>बढुवाको शर्तमा परिवर्तनः दफा २९, ३०, ३१, ३२, ३३, ३४, ३५, ३६ र ३७ वा सो अन्तर्गत बनेका नियमहरुमा कुनै संशोधन वा परिवर्तन भएमा त्यस्तो संशोधन वा परिवर्तन भएको मितिले एकवर्ष पछिको मितिदेखि लागू हुनेछ। | दफा ४२ मा संशोधनः मूल ऐनको दफा ४२ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छः-<br>"तर यस ऐनको दफा २९, ३०, ३१, ३२, ३३, ३४, ३५, ३६, र ३७ वा सो अन्तरगत बनेका नियमहरुमा पहिलो पटक संशोधन वा परिवर्तन भएको विषय सो संशोधन वा परिवर्तन भएको मितिले एक वर्ष भित्र लागू हुन बाधा पर्ने छैन।" | कानून तर्जुमाको दृष्टिकोणबाट मिलाउन। |
| १८. | दफा ४८ को उपदफा (३)<br>(३) निजामती कर्मचारीको न्यूनतम सञ्चित गर्न मिल्ने घर बिदाभन्दा बढी अवधि बिदा बचत भएमा त्यस्तो कर्मचारीले प्रत्येक वर्षको अन्तमा सो बापत निज कार्यरत पदको शुरु तलब स्केल बराबरको रकम पाउनेछ। | दफा ४८ को उपदफा (३) मा संशोधनः मूल ऐनको दफा ४८ को उपदफा (३) झिकिएको छ। | सङ्घीय कानूनसँग बाझिएको। |
| १९. | दफा ५५<br>प्रदेश निजामती सेवाको कर्मचारीले साठी वर्ष उमेर पूरा भएपछि अनिवार्य अवकाश पाउनेछ।<br>तर सचिवको हकमा निजको उमेर साठी वर्ष | दफा ५५ मा संशोधनः मूल ऐनको दफा ५५ को सट्टा देहायको दफा ५५ राखिएको छः-<br>"५५. अनिवार्य अवकाशः (१) प्रदेश निजामती सेवाको कर्मचारीले साठी वर्ष उमेर पूरा | कर्मचारीको अवकास सम्बन्धी विषयलाई |

| | | | |
|---|---|---|---|
| | पुग्नुभन्दा अगाडि सचिवको कार्यकालको अवधि सकिएमा स्वतः अनिवार्य अवकाश हुनेछ। | भएपछि अनिवार्य अवकाश पाउनेछ।<br>तर सचिवको हकमा निजको उमेर साठी वर्ष पुग्नुभन्दा अगाडि सचिवको लागि तोकिएको कार्यकालको अवधि सकिएमा स्वतः अनिवार्य अवकाश हुनेछ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय निजामती सेवाबाट समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएको कर्मचारीको अनिवार्य अवकाशको उमेर सङ्घीय निजामती सेवाको कर्मचारी सरह र नेपाल स्वास्थ्य सेवाबाट समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन कर्मचारीको अनिवार्य अवकाशको उमेर नेपाल स्वास्थ्य सेवाको कर्मचारी सरह हुनेछ।" | स्पष्ट बनाउन। |
| २०. | <u>दफा ६१ को उपदफा (५)</u><br>सम्वत् २०४९ साल कार्तिक २१ गतेभन्दा अघिदेखि नेपाल निजामती सेवा वा नेपाल स्वास्थ्य सेवामा बहाल रहेको कर्मचारीले तीस वर्ष सेवा अवधि पूरा गरिसकेको भए स्वेच्छाले सेवाबाट अवकाश लिन सक्नेछ। त्यसरी स्वेच्छाले सेवाबाट अवकाश लिएको कर्मचारीको उमेर साठी वर्ष पूरा हुन जति अवधि बाँकी छ सो अवधि थप गरी निजको जम्मा सेवा अवधि कायम गरिनेछ। | **<u>दफा ६१ मा संशोधनः</u>** मूल ऐनको दफा ६१ को उपदफा (५) मा रहेका "नेपाल निजामती सेवा वा नेपाल स्वास्थ्य सेवामा बहाल रहेको कर्मचारीले" भन्ने शब्दहरुको सट्टा "निजामती सेवा वा नेपाल स्वास्थ्य सेवामा रही समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएको कर्मचारीले" भन्ने शब्दहरु राखिएका छन्। | कानून तर्जुमाको क्रममा देखिएका त्रुटि सुधार गर्दै छुट भएको विषयलाई समावेश गर्न। |
| २१. | <u>दफा ६४ को उपदफा (२)</u><br>उपदफा (१) बमोजिम निवेदन परेको एक महिनाभित्र प्रदेश कर्मचारी अभिलेखालयले सुविधा निर्धारण गरी निवृत्तिभरण व्यवस्थापन गर्ने कार्यालयमा पठाउनु पर्नेछ र निवृत्तिभरण व्यवस्थापन गर्ने कार्यालयले निवृत्तिभरण उपलब्ध गराउने व्यवस्था मिलाई दिनु पर्नेछ। | **<u>दफा ६४ मा संशोधनः</u>** मूल ऐनको दफा ६४ को उपदफा (२) मा रहेका "निवृत्तभरण उपलब्ध गराउने" भन्ने शब्दहरुको सट्टा "निवृत्तभरण, उपदान लगायतका सुविधा उपलब्ध गराउने" भन्ने शब्दहरु राखिएका छन्। | कानून तर्जुमाको क्रममा देखिएका त्रुटि सुधार गर्दै छुट भएको विषयलाई समावेश गर्न। |

| | | | |
|---|---|---|---|
| २<br>२. | <u>दफा ६८ को उपदफा (२)</u><br>उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुभन्दा अघिदेखि निजामती सेवामा बहाल रहेको वा समायोजन ऐन बमोजिम निजामती सेवाबाट प्रदेश निजामती सेवामा समायोजन भएको कर्मचारीको हकमा र त्यस्तो कर्मचारी खुला प्रतियोगितामा छनौट भई वा बढुवा भई प्रदेश निजामती सेवामा निरन्तर सेवामा रहेको भएमा निजको हकमा यो दफा आकर्षित हुने छैन। | <u>**दफा ६८ मा संशोधनः**</u> मूल ऐनको दफा ६८ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-<br>"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि योगदानमूलक निवृत्तभरण सम्बन्धी सङ्घीय कानूनमा उल्लेख भएको अवधिभन्दा अघिदेखि सङ्घीय निजामती सेवामा बहाल रही समायोजन ऐन बमोजिम सङ्घीय निजामती सेवा वा प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएको कर्मचारी खुला वा अन्तर तह प्रतियोगितामा छनौट भई वा बढुवा भई प्रदेश निजामती सेवामा निरन्तर रहेको भए निजको हकमा यो दफा लागू हुने छैन।" | कानून तर्जुमाको क्रममा छुट भएको विषयलाई समावेश गर्न। |
| २<br>३. | <u>दफा ७५ को उपदफा (५)</u><br>अख्तियारवालाको पूर्व स्वीकृति नलिई निजी प्रयासमा बेतलवी अध्ययन बिदामा जाने निजामती कर्मचारीले अध्ययन पूरा गरेपछि अध्ययन बिदा बराबरको अवधि सेवा गर्ने कबुलियत गर्नु पर्नेछ। | <u>**दफा ७५ मा संशोधनः**</u> मूल ऐनको दफा ७५ को उपदफा (५) मा रहेका "पूर्व स्वीकृति नलिई" भन्ने शब्दहरुको सट्टा "पूर्व स्वीकृति लिई" भन्ने शब्दहरु राखिएका छन्। | कानून तर्जुमाको क्रममा त्रुटि भएको विषयलाई सुधार गर्न। |
| २<br>४. | <u>दफा ११४</u><br><u>**सेवा अवधि जोडिनेः**</u> सङ्घीय निजामती सेवा, अन्य प्रदेशको निजामती सेवा वा जुनसुकै स्थानीय तहमा स्थायी नियुक्त भएको कर्मचारी प्रदेश लोकसेवा आयोगको पदपूर्ति प्रक्रियाद्धारा प्रदेशको कुनै निकायमा नियुक्ति वा पदस्थापन भई साविकको निकायबाट रमाना लिई आएमा निजले सो पदमा बहाल हुनुपूर्व गरेको सेवा अवधि निवृत्तिभरण, उपदान र बढुवाको ज्येष्ठता निर्धारण गर्ने प्रयोजनको लागि गणना गरिनेछ। | <u>**दफा ११४ मा संशोधनः**</u> मूल ऐनको दफा ११४ मा रहेका "अन्य प्रदेशको निजामती सेवा" भन्ने शब्दहरुको सट्टा "जुनसुकै प्रदेशको निजामती सेवा" भन्ने शब्दहरु राखिएका छन्। | कानून तर्जुमाको क्रममा त्रुटि भएको विषयलाई सुधार गर्न। |

| | | | |
|---|---|---|---|
| २५. | <u>दफा ११५</u><br><u>यस ऐन बमोजिम सुविधा नपाउने</u>: प्रदेशभित्र समायोजन भएका वा सङ्घीय लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगको सिफारिसमा पदपूर्ति भएकोमा बाहेक सङ्घ, अन्य प्रदेश वा जुनसुकै स्थानीय तहबाट कामकाज वा काजमा खटिएका कर्मचारीले यो ऐन बमोजिम हुने तह वृद्धि, बढुवा, उपदान, निवृत्तिभरण लगायतका सुविधा पाउने छैन। | <u>दफा ११५ मा संशोधन</u>: मूल ऐनको दफा ११५ मा रहेको "सङ्घ," भन्ने शब्द झिकिएको छ। | कानून तर्जुमाको क्रममा त्रुटि भएको विषयलाई सुधार गर्न। |
| २६. | <u>दफा १२५ को उपदफा (१)</u><br>(१) प्रदेश सरकारले प्रत्येक वर्ष प्रदेश स्थापना दिवसको दिन सेवा प्रवाहमा विशेष योगदान दिने कर्मचारीलाई तोकिए बमोजिम प्रदेश निजामती पुरस्कार प्रदान गर्न सक्नेछ। | <u>दफा १२५ मा संशोधन</u>: मूल ऐनको दफा १२५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-<br>"(१) प्रदेश सरकारले सेवा प्रवाहमा विशेष योगदान दिने कर्मचारीलाई प्रत्येक वर्ष प्रदेश निजामती सेवा दिवसको दिन तोकिए बमोजिम प्रदेश निजामती पुरस्कार प्रदान गर्न सक्नेछ।" | निजामती सेवा दिवसको दिन प्रदेश निजामती पुरस्कार प्रदान गर्न उपयुक्त हुने। |
| २७. | <u>दफा १२६ को उपदफा (१)</u><br>प्रदेश सरकारले प्रदेश सरकार मातहत कार्यरत कर्मचारी र प्रदेशमा रहेका स्थानीय तहमा कार्यरत कर्मचारी तथा प्रदेश निजामती सेवा र स्थानीय सेवाबाट निवृत्त भएका कर्मचारीलाई स्वास्थ्य सेवा उपलब्ध गराउन प्रदेश मातहतको अस्पताललाई प्रदेश निजामती सेवा अस्पताल तोक्न सक्नेछ। | <u>दफा १२६ मा संशोधन</u>: मूल ऐनको दफा १२६ को उपदफा (१) मा रहेका "प्रदेश मातहतको" भन्ने शब्दहरुको सट्टा "प्रदेश सरकार मातहतको" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका "प्रदेश निजामती सेवा अस्पताल" भन्ने शब्दहरुको सट्टा "प्रदेश निजामती कर्मचारी अस्पतालको रुपमा" भन्ने शब्दहरु राखिएका छन्। | कानून तर्जुमाको क्रममा देखिएका त्रुटि सुधार गर्दै छुट भएको विषयलाई समावेश गर्न |
| २८. | <u>दफा १२९:</u><br>प्रदेश लोक सेवा आयोगले यस ऐन बमोजिम नियुक्ति वा बढुवा गर्दा अधिकृत एघारौं तह वा सो सरहका कर्मचारीको तोकिए बमोजिम नेतृत्व परीक्षण गर्नेछ। | <u>दफा १२९ मा संशोधन</u>: मूल ऐनको दफा १२९ मा रहेका "अधिकृत एघारौं तह" भन्ने शब्दहरुको सट्टा "अधिकृत दशौं तह" भन्ने शब्दहरु राखिएका छन्। | कानून तर्जुमाको क्रममा भएका त्रुटि सुधार गर्न्। |
| २ | <u>दफा १३६ (१):</u> | <u>दफा १३६ मा संशोधन</u>: मूल ऐनको दफा | कानून तर्जुमाको |

| | | | |
|---|---|---|---|
| ९. | (१) यो ऐन प्रारम्भ हुनु अघि निजामती सेवा सम्बन्धी प्रचलित कानून बमोजिम भए गरेका सम्पूर्ण काम कारबाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ। | १३६ को उपदफा (१) मा रहेका “निजामती सेवा" भन्ने शब्दहरु पछि “र नेपाल स्वास्थ्य सेवा" भन्ने शब्दहरु थपिएका छन्। | क्रममा भएका त्रुटि सुधार गर्नु। |